जथाभावी फोहर नफालौं,
सभ्य नागरिकको परिचय दिऔं
- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस १२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 28 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११८

## भारतीय सूटर सिंहलाई गोली हानी बारा प्रहरीले नियन्त्रणमा लियो

प्रस, निजगढ, ११ पुस/

पछिल्लो समय बारा र रौतहटका


तस्वीर सौजन्यः जिप्रका, बारा

विभिन्न आपराधिक घटनामा पेशेवर सूटरको रूपमा संलग्न रहेको जनाउँदै बारा प्रहरीको अत्यधिक खोजी सूचीमा रहेका भारत मोतीहारी जिल्ला छौडादानो पञ्चायत तिनकुनी बस्ने अन्दाजी ३२ वर्षीय सुजितकुमार सिंहलाई गोली हानी बारा प्रहरीले मङ्गलवार साँझ नियन्त्रणमा लिएको छ ।

सूटर सिंह आउने गोप्य सूचना बारा प्रहरीले पाएसँगै साँझदेखि नै बाराको नेपाल–भारत सीमावर्ती नाकाहरूमा कडाइका साथ निगरानी बढाएसँगै सीमावर्ती क्षेत्र नेपालको विश्रामपुर गाउँपालिका–३ डम्पिङ साइट नजीकैको नाकामा खटेक बारा प्रहरीका सुरक्षाकर्मी माथि सिंहले पहिलो फायर खोलेपछि सोको जवाफी फायरमा प्रहरीले चलाएको गोली लागी घाइते भएपछि उनलाई नियन्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एवं प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिएका छन् ।

दुवै खुट्टाको घुडा मुनि गोली लागेकोले घाइते सिंहको कडा निगरानीका साथ कलैया प्रादेशिक अस्पतालमा उपचार भइरहेको बारा प्रहरीले जनाएको छ ।

सिंहले चलाएको गोलीका एक थान खोका समेत बारा प्रहरीले बरामद गरेको र उनका साथबाट एक थान घरेलु हतियार र गोलीसमेत बरामद भएको जनाएको छ ।

गत कार्तिक १३ गते सोमवार दिउँसो १ बजे बारा सदरमुकाम कलैयामा दिन दहाडै गोली हानी कलैया उपमहानगरपालिका–६ स्थित बाल एकता बोर्डिङ स्कूलका सञ्चालक गुड्डु भनिने सोही वडा घर भएका अन्दाजी ३५ वर्षीय रूपेश सर्राफको घटनास्थलमैं हत्या भएको घटनामा सिंह संलग्न भएको भन्दै बारा प्रहरीले उनको खोजी कार्य तीव्र पारेको थियो ।

प्रहरी नियन्त्रणमा रहेका सिंह विगत ५ वर्षदेखि बारा र रौतहटमा भएका विभिन्न आपराधिक घटनाहरूमा संलग्न रहेको बारा प्रहरीको दाबी रहेको जनाउँदै थप गहिरो अनुसन्धान अघि बढाएको जनाएको छ ।

यस घटनामा संलग्न रहेको भन्दै सोही कलैया उपमहानगरपालिका–६ मदर्साटोल बस्ने २२ वर्षीया राधा गुप्ता, सोही टोल बस्ने वर्ष ३४ का जालिम अख्तर, वडा नं. ९ रामपुर बस्ने वर्ष २६ को रियाज अन्सारी, भारत जिल्ला मोतिहारी पूर्वी चम्पारण थाना घोडासहन गाउँ जागिराकोटी बस्ने वर्ष २३ का चन्दन कुमार, भारत जिल्ला मोतिहारी पूर्वी


सुजीतकुमार सिंह


बरामद हतियार

चम्पारण थाना घोडासहन गाउँ बहार्वाकाला वडा नं. १२ बस्ने वर्ष २३ का अभिनवकुमार राजपूतलाई बारा प्रहरीले घटना भएको केही दिनपछि नैं जिल्ला प्रहरी कार्यालय बारामा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको थियो ।

सो घटनामा संलग्न भारतीय सूटरको बारा प्रहरीले बेलैमा नियन्त्रणमा लिन नसकेको र सदरमुकाम कलैयामा रहेका जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय, सशस्त्र प्रहरीसमेतको निगरानी भइरहने स्थान देखि ३/४ सय मिटरकै दूरीमा दिनदहाडै गोली हानी नागरिकको हत्या गरिएको भन्दै बारा प्रहरी प्रशासनको सुरक्षा व्यवस्थाप्रति बाराका सचेत नागरिकले जोडदार आवाज उठाउँदै आएका थिए ।

## शान्ति सुरक्षा, अमनचयन कायम गर्छु– प्रजिअ भुसाल

प्रस, वीरगंज, ११ पुस/

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले पर्सावासीको शान्ति सुरक्षा तथा अमनचैन कायम राख्न कुनै कसर बाँकी नराख्ने बताएका छन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घले उनको आगमनमा बुधवार आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै प्रजिअ भुसालले वीरगंज आर्थिक नगर भएकोले यसको महत्त्व र उपादेयतालाई मध्यनजर गर्दै उद्योग, व्यापारको विकास र प्रवर्द्धनका क्षेत्रमा आफ्नो सक्रिय भूमिका रहने बताए ।

उनले जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्था मिलाउने पनि बताए । प्रजिअ भुसालले जिल्लाको सरकारी कार्यालयलगायत सम्पूर्ण सेवाहरूमा सुशासन प्रवर्द्धन गर्ने, सीमावर्ती क्षेत्रमा हुने गैरकानूनी आर्थिक क्रियाकलाप नियन्त्रण गर्ने, जिल्लाको विकास निर्माणमा भइरहेका ढिलाइ अन्त्य गरेर विकास निर्माणका कार्य अगाडि बढाउने बताए ।

सङ्घका अध्यक्ष अनिलकुमार


तस्वीरः सौजन्य

अग्रवालले वीरगंजलगायत पर्सा जिल्लामा शान्ति सुव्यवस्थालाई अझ प्रभावकारी बनाउनुपर्ने बताए । उनले सीमा सुरक्षा अधिकारीहरूको बैठकले प्रभावकारी निर्णय गर्ने हुँदा सोलाई निरन्तरता दिनुपर्ने, नगरको सुरक्षामा सिसिटिभी क्यामराको प्रभावकारी भूमिका भएकोले यो परियोजनाको लागि सरोकारवाला निकायसँग समन्वय गरेर चुस्तदुरुस्त गर्नुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा नेउवा महासङ्घका सदस्य सुबोधकुमार गुप्ताले आर्थिक महत्त्व बोकेको वीरगंजका चुनौती तथा उद्योगी व्यवसायीहरूले भोगिरहेको समस्याबारे अवगत गराएका थिए ।

कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्षद्वय माधव राजपाल र मनोजकुमार दास, पूर्व अध्यक्ष अशोककुमार वैद, महासचिव आशीषकुमार लाठ, सचिवद्वय प्रेमचन्द्र गोयल र सुशान्त चाचानलगायतको सहभागिता थियो ।

## ज्येष्ठ नागरिक दिवस पर्सामा विविध कार्यक्रम गरी मनाइयो

प्रस, वीरगंज, ११ पुस/

तेस्रो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस



तस्वीरः प्रतीक

२०८० वीरगंजमा ज्येष्ठ नागरिक सङ्घ, पर्साले विविध कार्यक्रमको आयोजना गरी बुधवार मनाएको छ। दिवसको अवसरमा वीरगंज महानगर–१५ स्थित ज्येष्ठ नागरिक पार्कमा स्वास्थ्य शिविर, स्वास्थ्य परामर्श र पाँचजना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो । डा रामअवतार खेतान, डा सुमन प्रसाद, डा नीरज सिंह, डा अशोक दासले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरेका थिए भने स्वास्थ्य शिविरको आयोजनामा लायन्स क्लब, वीरगंजले सहयोग पुर्‍याएको थियो । सो अवसरमा डा खेतानले ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्य परामर्श दिएका थिए। उनले उमेर हदले वृद्ध भएका ज्येष्ठ नागरिकहरूले गर्नुपर्ने दिनचर्याको बारे बताएका थिए ।

खानपानमा ध्यान दिनुपर्ने, तोकिएको औषधि नियमित सेवन गर्नुपर्ने, घुमफिर मनोरञ्जनलगायत कार्यहरू पनि चिकित्सकको परामर्श अनुसार अथवा आफूले गर्दै आएको नियमिततालाई उमेर अनुसार ध्यान दिएर गर्नुपर्ने सुझाव दिएका थिए । ज्येष्ठ नागरिकहरूले कुन बेला कसरी के गर्दा राम्रो हुन्छ भन्नेबारे उनले परामर्श दिएका थिए।

कार्यक्रममा डा खेतान र संस्थापक अध्यक्ष पशुपति विक्रम शाहले शान्ति कार्की, फुलेन्द्रप्रसाद कुर्मी, पारसनाथ कायस्थ, भागवत सिंह र दीपकराज शर्मा गरी पाँचजनालाई सम्मान गरेका थिए। वीरगंज महानगरपालिका र ज्येष्ठ नागरिक सङ्घ, पर्साको संयुक्त आयोजनामा भएको कार्यक्रम उपाध्यक्ष वैद्यनाथप्रसाद कोइरीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा केन्द्रीय सदस्य जगदीशप्रसाद शर्मा, सचिव विनयराज गौतम, सदस्यहरू उदयराज शर्मा, ज्योति शाह, आशा गौतम सहभागी थिए ।

## गहुँबाली छरेका किसानहरू मलको अभाव झेल्दै

प्रस, सेढवा, ११ पुस/

गहुँबालीको बेलामा पनि पर्सेली किसान मल अभाव झेलिरहेका छन् । गहुँ छरेको २१ दिनपछि सिंचाइ र त्यसको एक सातापछि युरिया मल छर्नुपर्ने हुन्छ । तर अहिले गाउँघरमा रहेका सहकारीहरूमा युरिया मलको अभाव छ ।

प्रत्येक वर्ष बालीका लागि मल अभाव हुने समस्या देखेर थरूहट क्षेत्रका किसानहरूले आवश्यकता अनुसार मल सञ्चय गरेका हुन्छन् । करीब ५० प्रतिशत किसानले मल सञ्चय गरेको कारण उनीहरूलाई अहिले युरिया मलको अभाव खडकिएको छैन । सिंचाइ गरेर माटो मलिलो हुने प्रतीक्षामा उनीहरू छन् भने अर्कोथरि किसान युरिया मलको लागि भारतीय सीमावर्ती बजार धाइरहेका छन् ।

नेपाली मलको तुलनामा पाँच किलो बोरामा कम हुने र थोरै महँगो हुने भए पनि भारतीय मल खरीद गरेर खेतमा छर्नुपर्ने किसानहरूलाई बाध्यता छ । नेपाली मल प्रतिबोरा ५० किलो र भारतीय मल प्रतिबोरा ४५ किलो तौलको हुन्छ । युरिया अहिले प्रतिबोरा रु ७५० मा नेपालमा पाइन्छ भने भारतमा रु एक सय बढी रु ८५० पर्छ । गहुँको बीउ छर्दा युरिया, पोटास र डिएपी मल दुई–


तस्वीरः प्रतीक

दुई किलो प्रतिकठ्ठा प्रयोग हुन्छ भने बीउ छरेको २१ दिन र सिंचाइ गरेको एक सातापछि युरिया मल प्रतिकठ्ठा तीन–चार किलो प्रयोग गरिन्छ ।

अहिले जिल्लाको थरूवान र बजियान दुवै क्षेत्रका किसान गहुँको बीउ छरेको २१ दिनपछि सिंचाइ गर्दैछन्। सिंचाइपछि पानी सुकेर माटो मलिलो भएपछि युरिया मल हाल्ने गरिन्छ । यही बेलामा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीले सहकारीमार्फत वितरण गर्ने मलको पर्सा जिल्लामा अभाव भएको हो । दशैंताका केही सहकारीहरूले थोरबहुत मल बिक्री गरे पनि अहिले कम्पनीबाट मल आएपछि मात्र बिक्री गर्ने भनेर किसानहरूलाई रित्तो हात पठाउँदै छन् ।

गहुँबालीको लागि मात्र पनि तीनपटक मल आवश्यक पर्छ । पहिले बीउ छर्दा, त्यसको चार सातापछि र बाला लाग्ने बेलामा मल छरिन्छ ।

अहिले एक चरणको मल छर्ने कार्य सकिएको छ र दोस्रो चरणको शुरू भएको छ । पहिलो चरणदेखि नै किसानहरूले मल पाउन सकेका छैनन् ।

## जगदम्बाको विद्युत् लाइन काटिएपछि मजदूरद्वारा प्रदर्शन

प्रस, वीरगंज, ११ पुस/

मुलुकभरिमैं सबैभन्दा बढी विद्युत् महसुल तिर्ने सिमरास्थित जगदम्बा स्टिलको आज लाइन काटिएपछि सरोकारवाला पीडित भएका छन् भने मुलुको आमदनी पनि प्रभावित भएको छ । सो उद्योगका सरोकारवाला कर्मचारी मजदूरहरूद्वारा लाइन काटिएकोमा स्थानीय प्रशासनमा विरोध

(बाँकी पाँचौं पातामा)



तस्वीरः ऋषिकेश सहनी

**विचारसार एवं सूक्तिहरू**

**सम्बन्ध यदि आत्मीय छ भने मन कहिले पनि भर्दैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# कुरा तस्करीको

**पर्सा जिल्लामा भन्सार छली हुने कारोबार (तस्करी) नयाँ नौलो कुरा होइन । दशकौंदेखि खुला सीमाको कारण यहाँबाट तस्करी हुँदै आएको छ । दैनिक जीविकोपार्जन गर्नेहरूदेखि यो कारोबारबाट आर्थिक साम्राज्य स्थापित गर्नेहरूसम्म तस्करीमा संलग्न रहँदै आएका छन् । कुनै बखत डङ्का बजाएर खुलेयाम हुने तस्करी अहिले तोकिएको समयमा सर्वसाधारणको आँखा छलेर हुने गरेको छ । एकथरी जो जीविकोपार्जनका लागि यो कारोबार गर्न बाध्य छन् उनीहरूको आर्थिक अवस्था पहिले जस्तो थियो अहिले पनि त्यस्तै छ । छिमेकी भारतको रक्सौल शहरबाट दैनिक खुद्रा सामान वीरगंज बजारसम्म ल्याउने, यहाँका पसलेहरूलाई बिक्री गर्ने र घरखर्च तथा आफ्नो गर्जो टार्ने कार्य गर्छन् । सीमामा तैनाथ सुरक्षाकर्मीहरूलाई खुद्रा सामान ल्याउँदा थोरबहुत दक्षिणा चढाएर उनीहरूले आफ्नो कारोबारलाई निरन्तरता दिँदै आएका छन् । यसैगरी अर्काथरी तस्करहरू भने संस्थागतरूपमा यो कारोबार गर्दै आएका छन् ।**

**सुरक्षाकर्मी प्रमुख र सरोकारवालाहरूलाई मासिक रकम बुझाएर उनीहरूको कारोबार वीरगंजसहित देशभर सञ्चालित छ । विभिन्न नाकाहरूबाट यो कारोबार हुने गरेको छ जसमा वीरगंज पहिलेदेखि बदनाम छ । वीरगंजको इनर्वा, भकुवा, श्रीसिंया, अलौ भन्सार छली हुने अवैध कारोबार तस्करीका लागि शुरूदेखि बदनाम नाकाहरू हुन् । खुला सीमाका कारण यहाँबाट हुने पोके तस्करी नियन्त्रण गर्न असमर्थ सुरक्षाकर्मीहरूले भने यसैको आडमा ठूला तस्करहरूलाई मलजल दिँदै आएको कुरा कसैबाट लुकेछिपेको छैन । कुनै बेला सुरक्षा प्रमुखहरूको अदलाबदली भएको समयमा र माथिल्ला निकायबाट निर्देशन जारी भएको बखतमा तस्करी बन्द हुने नत्र निर्बाधरूपमा सञ्चालन हुँदै आएको छ । तस्करी संस्थागतरूपमा हुने हुँदा प्रत्यक्षरूपमा मुख्य दोषी सुरक्षाकर्मीहरू भएपनि पर्दा पछाडि रहेका विभिन्न निकायहरू पनि दोषी छन् । राजनीतिकर्मी, भन्सार, आन्तरिक राजस्व, राजस्व अनुसन्धान, पत्रकार, नागरिक समाज आदिलाई पनि यहाँबाट हुँदै आएको तस्करीको लागि दोषी मान्न सकिन्छ । खुला सीमा भएको पर्सा मात्र होइन, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ, बिर्तामोड, उर्लाबारी, झापा, काकडभिट्टा जिल्लादेखि पूर्व र जिल्लादेखि पश्चिम नवलपरासी, रूपन्देही, कपिलवस्तु, नेपालगंज, धनगढी, बर्दिया, महेन्द्रनगरसम्मको क्षेत्रमा तस्करी हुने गरेको छ । भारतसँग जोडिएका यी क्षेत्र र चीनसँग जोडिएका पहाडी, हिमाली जिल्लाबाट पनि खुला सीमाका कारण तस्करी हुने गरेको छ । भारतबाट हुने तस्करीको परिणाममा चीनबाट हुने तस्करी एकदमै न्यून छ, त्यो भिन्दै कुरा हो ।**

**हाम्रो आवश्यकताका वस्तुहरू भारतबाट बढी आउने हुँदा त्यहाँ सस्तोमा पाइने सबैजसो वस्तु तस्करीको माध्यमबाट भित्र्याउने गरिन्छ । सुरक्षाकर्मीहरूले खुद्रा र थोक तस्करहरूलाई नियन्त्रण गर्न नसकेको परिणाम यहाँको जनसमुदाय पनि आफ्नो आवश्यकताका सामान भारतीय बजारबाट निर्बाध ल्याउने गर्छ । सरकारले सयभन्दा बढीको सामान भारतबाट [redacted] गरेको भएपनि यो नियम केही [redacted] नाकामा लागू भएको सुन्न [redacted] प्रयोग पनि भएन । तस्करीको [redacted] स्थानीय उद्योग, व्यवसाय प्रभावित [redacted] यसको दीर्घकालीन समाधानको [redacted] गर्दा तस्करी मौलाइरहेको छ ।**

# विदेश जाने, फर्कने र हराउने सेरोफेरोमा समृद्धि

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**यहाँ राम्रो काम गर्दागर्दै विदेश गएर अझ राम्रो गर्न चाहनेहरू धेरै छन् । अब परिस्थिति यस्तो भइसकेको छ कि सबै वर्ग, उमेर, पेशा र व्यवसायका मानिस विदेश जान खोजिरहेका छन् र मुख्यगरी किशोरकिशोरी तथा युवायुवती विदेशमा नै भविष्य देखिरहेका छन् ।**

स्वदेशभन्दा विदेशमा समृद्धि देख्ने किशोरकिशोरी, युवा तथा अभिभावकहरूको मनोविज्ञान विकसित भइसकेको छ । अहिलेको अवस्थामा हरेक दिन हजारौं युवा विदेशतिर पलायन भइरहँदा देशमा यसको नकारात्मक प्रभाव पर्न शुरू भइसकेको छ । युवाहरू विदेश पलायन हुँदा मुख्यगरी पहाड तथा हिमाली क्षेत्रका ग्रामीण बस्ती खाली हुँदै गएका छन् । देशमा लाखौं घर यस्ता छन्, जुन बस्नको लागि बनाइएका छन् तर घर खाली गरेर अन्यत्र बसाइँ सर्ने क्रम बढेको छ । यसले जहाँबाट मानिसमा बसाइँ सर्ने प्रवृत्ति प्रबल हुन्छ त्यहाँबाट पलायन भएरै छाड्छ । यसले गर्दा देशको कतिपय भूभागमा पलायनको व्यापक असर परेको छ भने यसविपरीत बजार क्षेत्र तथा सामान्यतया ठूला शहरहरूको आसपास खाली जमीनमा घरहरू उम्रँदै गएर जताजतै बस्ती विकास भइरहेको छ । यसले एकातिर जनसङ्ख्याको चाप बढी हुने तथा अर्कोतिर न्यून हुने प्रवृत्ति देखिएको छ । जनसङ्ख्याको सन्तुलनमा नै असर पर्ने निश्चित सम्भावना देखिन थालेको वर्तमान परिवेशमा स्थानीय सरकारमार्फत विकास गाउँमा र नागरिक शहरमा देखिन थालेका छन् । यसले स्रोत र साधनको वितरणमा पनि प्रभाव पारिरहेको छ । यति मात्र होइन, शिक्षा क्षेत्रमा पनि दीर्घकालीनरूपमा यस किसिमको प्रवृत्तिले नकारात्मक प्रभाव पारिरहेको छ । वास्तवमा जनसङ्ख्या सन्तुलन अहिलेको आवश्यकता भइसकेको छ तर यतातिर गम्भीर भएर कुनै पनि क्षेत्रको ध्यान जान सकेको पाइएको छैन ।

दुर्गमबाट सुगमतिर, गाउँबाट शहरतिर, हिमालबाट पहाडतिर वा हिमाल–पहाडबाट तराई–मधेसतिर मात्र बसाइँसराइ भइरहेको होइन रहेछ । बसाइँसराइ त स्वदेशबाट विदेशतिर पनि भइरहेको देखिन्छ । कोही विदेशमा अध्ययनको लागि गएका छन् र कामको खोजी गरिरहेका छन् । काम पाए स्थायी बसोवासका लागि उतै आवेदन दिएर प्रक्रिया पूरा गर्न खोज्छन् । कतिपय देशमा कामको खोजीमा जाने र त्यहीं बस्न खोज्ने वा त्यहाँबाट अर्को देशमा गई बस्न खोज्ने प्रवृत्ति विकसित भएको छ । अमेरिकामा त हरेक वर्ष औपचारिक रूपमा डिभी भरेर र परेर स्थानीय बसोवासका लागि कतिपय परिवार जाने गरेका छन् । पहिले नै औपचारिक प्रक्रिया पूरा गरी विदेशमा बसाइँ सर्ने देश सम्भवतः अमेरिका नै हो । यस देशबाहेक अन्य देशमा यस्तो प्रक्रिया पूरा गरी बसोवासको लागि जानेहरू शायद कमै छन् । अमेरिका महादेशका अन्य देश, साथै युरोप र अस्ट्रेलियाजस्ता महादेशमा पनि नेपालीहरू ठूलो सङ्ख्यामा स्थायी बसोवास गर्न पुगेको समाचारहरू आइरहन्छ । यसरी विदेशमा कामको खोजी वा शिक्षा आर्जनमा गएर त्यहाँबाट फर्कनेहरू कति प्रतिशत होलान् ? यो पनि कतैबाट जानकारीमा आएदेखि हुन्थ्यो, तर व्यवहारमा के देखिएको छ भने कामदारको रूपमा कामको खोजीमा नियमित सर्वसाधारण गइरहेका देशहरूबाहेक अन्य देशमा नेपालीहरू कामदारको रूपमा जाँदा पनि कति फर्केका छन्, कुन्नि ? यो पनि अध्ययनको विषय हुनुपर्ने हो ।

सबैभन्दा पहिले त जुनसुकैरूपमा होस्, एकचोटि विदेश पुग्नुपर्‍यो भन्ने घातक मनोविज्ञान विकसित भइसकेको छ । यस घातक मनोविज्ञानको तत्काल कुनै उपचार छैन । यस्तो हावा चलेको छ कि देशमा केवल निराशाको बजार छ र विदेशमा सर्वत्र गुल्जारै गुल्जार छ । तर वास्तविकता के यही हो त ? विदेशमा कामको खोजीमा गएकामध्ये कतिपय परिवारमा बिचल्ली पनि त परेको छ । कतिपय यस्ता युवा छन् जो विदेशमा धोका खाएर फर्केका छन् । कतिपय यस्ता छन्, जो यहाँबाट ऋण लिएर विदेश उडेका छन् र फेरि त्यहाँबाट ऋण लिएर फर्केका छन् । विदेश जाँदा र आउँदामैं भएको सम्पत्ति स्वाहा पारेका छन् । कतिपय युवा विदेशमा अध्ययनको लागि गएको र त्यहाँबाट असफल वा अक्षम भई फर्केको उदाहरण पनि छ । कोही निकै उत्साह लिएर विदेश पुग्छन् र अनेक ठक्कर खाएर कहीं नभएको निराशा लिएर फर्कन्छन् । तर विदेश गएका सबैको नकारात्मक मात्र उदाहरण छ भन्ने होइन । धेरैले विदेशमा राम्रै गरेका छन् । तिनै राम्रा गर्नेहरूको बाटो समाउन पाइन्छ कि भनेर धेरै युवाहरू विदेशतिर हुइँकिन खोजेका हुन् । साँच्चीकै कतिपय त यस्ता पनि छन् जसले विदेशमा यहाँको तुलनामा अकल्पनीय प्रगति गरेका छन् । आफूलाई राम्ररी स्थापित गरिसकेका छन् र विदेशीको तुलनामा अब्बल साबित भएका पनि छन् ।

एउटा प्रश्न उठ्ने गर्छ, विदेश केका लागि ? आफ्नो लागि राम्रो गर्न हो भने जहाँ गरे पनि भयो । यदि विदेश गएर उतै हराउने हो भने उसले गरेको प्रगति समाजले देख्न सक्दैन । यसबाट यो पनि स्पष्ट हुन आउँछ कि मानिस समाजको लागि भन्दा आफ्नो प्रगतिको लागि लालायित छ । यो निकै हदसम्म सही हो पनि । विदेशमा गएर आफ्नो लागि निकै लोभलाग्दा प्रगति गर्नेहरू हजारौंको सङ्ख्यामा होलान् तर यस्ता निकै मानिस छन् जो आफ्नो समाजको लागि पनि विचार गर्दछन् । र, यसैसित जोडिएको पक्ष यो पनि हो कि परदेश जाने हो भने फर्किने किन ? परदेश गएर त्यहाँको समाजको लागि काम गर्ने हो र त्यहाँ इमानदार बन्ने हो भने त्यहाँ पनि भविष्य सुरक्षित रहन्छ । यसरी पनि कतिपयले विचार गरेका हुँदारहेछन् र त्यहाँको सामाजिक संस्थादेखि राजनैतिक दलसम्मको सदस्य बनेर काम गरिरहेका हुँदा रहेछन् । ती क्षेत्रहरूमा पनि आफूलाई सक्षम साबित गरिरहेका हुँदारहेछन् । नेपालीहरू जहाँ पुग्छन्, त्यहाँको हावापानी र माटोसित घुलमिल भई काम गर्दछन् । त्यहाँको प्रगतिको लागि धेरै काम गर्दछन् । यद्यपि विदेश गएकामध्ये धेरै प्रतिशत आफ्नै गाउँ फर्कन्छन् । आर्थिक हैसियत बदलिएपछि गाउँबाट बजार पलायन हुन्छन् । यी सबैबीच विदेशमा यति धेरै किसिमका र यति धेरै किसिमले मानिसहरू गइरहँदा र विदेशमा निकै राम्रो काम गरिरहँदा हामीकहाँ आएर तिनै क्षेत्रमा समृद्धिका उदाहरण किन बन्न सक्दैनन् ?

घरको काम नगरेर बरालिने वा बसीबसी खाने अथवा आर्थिक विकासमा नकारात्मक योगदान दिने काममा लिप्त हुनेहरू पनि नभएका होइनन् । यदि यस्ता मानिस विदेश जान्छन् भने देशको लागि निकै फाइदा हुन्छ, किनभने विदेशमा त नियमानुसार काम गर्नुपर्छ र त्यहाँ हामीकहाँ जस्तो वातावरण पनि हुँदैन । चिनजानका मानिस हुँदैनन्, परिचित ठाउँ हुँदैन र सबैभन्दा महत्त्वपूर्ण कुरो यदि अनावश्यक खर्च गर्दछन् भने तिरिदिने कोही हुँदैन । यस किसिमले यस्ता मानिस विदेश गएर केही गर्दछन् भने धेरै राम्रो तर सबै यस्ता छैनन् । यहाँ राम्रो काम गर्दागर्दै विदेश गएर अझ राम्रो गर्न चाहनेहरू धेरै छन् । अब परिस्थिति यस्तो सिर्जना भइसकेको छ कि सबै वर्ग, उमेर, पेशा र व्यवसायका मानिस विदेश जान खोजिरहेका छन् र मुख्यगरी किशोरकिशोरी तथा युवायुवती विदेशमा नै भविष्य देखिरहेका छन् । भविष्य देख्ने मात्र होइन, विगत दुई दशकदेखि सर्वसाधारणमा विदेश जाने मोह पलाएको छ । गत दुई दशकमा विदेश गएकाहरूले दिएको सामाजिक योगदान के हो ? यसरी मूल्याङ्कन गर्न बाँकी छ । देशलाई रेमिटान्स दिने एउटा वर्ग छ भने अर्को वर्ग विदेशमा नै आफूलाई स्थापित गर्न मन पराउने खालको छ । विदेशमा स्थापित हुन चाहनेले देशलाई खासै योगदान दिन सक्दैन । यसैले देश विकासमा महत्त्वपूर्ण आर्थिक उपलब्धि हासिल हुन सकेको छैन । यदि चाहना हुँदो त, जति मानिस विदेशमा छन् र जतिले विदेशमा काम गरेर, सम्भव भएसम्म परिवारलाई पैसा पठाएको भए समाजको आर्थिक अवस्था अहिलेजस्तो रहने थिएन । समाजमा आर्थिक समृद्धि त हुन्थ्यो नै साथै विदेश पलायन रोक्ने मनोवृत्ति विकसित भइसक्थ्यो । अझ आफ्नै देशमा केही गरूँ भन्ने मनोविज्ञान विकसित हुन्थ्यो । यस्ता क्षेत्रमा नकारात्मक विकास मात्र भएको छ ।

# गोर्खालीले २५ वर्ष शासन गरेको पिथौरागढ किल्ला


पिथौरागढ (भारत), ११ पुस/रासस

कुमाउँका प्रसिद्ध कवि गुमानी पन्तले आफ्नो कवितामा लेखेका छन् ।

“दिन–दिन खजाना का भार का बोकिया ले,
शिव शिव चुलि में का बाल नैं एक कैका ।
तदपि मुलुक तेरो छोडि नैं कोई भाजा,
इति वदति गुमानी धन्य गोर्खाली राजा ॥”

अर्थात् हरेक दिन खजानाको बोझ बोकेर जनताको टाउकोको कपाल उड्यो तर गोरखाको शासन छोडेर देशको कोही पनि नागरिक भागेन । त्यसैले हे गोर्खाली राजा तिमी धन्य छौ । भारतको उत्तराखण्डको पिथौरागढस्थित गोर्खाली किल्ला चारैतिरबाट नौ फिट अग्लो पर्खालले घेरिएको छ । पर्खालको चौडाइ पाँच फिट चार इन्च छ । पर्खालमा बन्दूक चलाउन मिल्ने १५२ वटा प्वाल छन् ।

नालापानी किल्लाजस्तै पिथौरागढको गोर्खाली किल्ला पनि गोर्खालीको बहादुरीको इतिहाससँग जोडिएको ऐतिहासिक ठाउँ हो । जहाँ गोर्खालीले अङ्ग्रेजलाई परास्त गर्दै २५ वर्ष शासन चलाएका थिए । तत्कालीन गोर्खाली सेनाले विशाल नेपाल निर्माणको अभियानलाई पश्चिमतिर विस्तार गर्ने क्रममा अङ्ग्रेज शासकलाई पराजित गरेर यो किल्ला आफ्नो कब्जामा लिएका थिए । त्यति बेला गोर्खाली सेनाले कुमाउ गडवालतर्फ आक्रमण गर्ने क्रममा शुरूआतमा यो किल्ला कब्जामा लिएर विजयको यात्रा तय गरेको इतिहासका जानकारहरू बताउँछन् ।



तस्वीर: रासस

“विशाल नेपालको अभियानलाई पश्चिमतिर फैलाउने क्रममा तत्कालीन गोर्खा सैनिकले शुरूआतमा यही किल्ला कब्जा गरेका थिए ।” इतिहासका जानकार हेमबाबू लेखकले भने–“यही किल्लाबाट गोर्खा सैनिकले निरन्तर कुमाउ गढवालमा २५ वर्ष शासन गरेको थियो ।” उनले तत्कालीन इस्ट इन्डिया एन्ड कम्पनीलाई गोर्खा सैनिकले परास्त गर्दै उक्त किल्ला कब्जा गरेको जानकारी दिए ।

“गोर्खा शासकले आफ्ना प्रशासक राखेर कुमाउ गढवाल क्षेत्रमा निरन्तर २५ वर्ष शासन गरेको इतिहास छ”– उनले भने–“यो किल्लामा गोर्खालीको वीरताको इतिहास छ ।” अहिले यो किल्ला गोरखा किल्ला एवं लन्डन फोर्टका नामले परिचित छ । नालापानीको लडाइँ लड्नु अघि नै पिथौरागढमा सन् १७८९ मा गोर्खाली सेनाले आफ्नो सुरक्षाका लागि यो किल्ला निर्माण गरेको थियो । नालापानी किल्ला र पिथौरागढको गोर्खाली किल्ला दुवै भारतको उत्तराखण्डमा पर्छन् ।

“बहादुर शाहको नेतृत्वमा आएको गोर्खाली सेनाले यो किल्ला कब्जा गरेको थियो ।” इतिहासका जानकार रमेश पन्त मीतबन्धुले भने–“यही किल्लाबाट कुमाउ गढवालमा गोर्खालीले निरन्तर २५ वर्ष शासन गरेको हो ।” गोर्खाली किल्लाको लम्बाइ ८८ दशमलव ५ मिटर, चौडाइ ४० मिटर रहेको छ । किल्लाभित्र गहिरो कुवा रहेको इतिहास भए पनि अहिले उक्त ठाउँमा पीपल रोपिएको उनले बताए ।

यो किल्ला गोर्खालीको इतिहाससँग जोडिएकोले नेपालीका लागि महत्त्वपूर्ण रहेको वीरबहादुर चन्द बताउँछन् । “६१ वर्षअघि मैले पिथौरागढमा अध्ययन गर्दा यो किल्लामा गोर्खाली किल्लाका नामले चर्चित थियो ।” चन्दले भने–“यो किल्ला नेपालीका लागि महत्त्वपूर्ण र ऐतिहासिक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# ज्येष्ठ नागरिकको ज्ञान र अनुभव उपयोग गरिने : प्रधानमन्त्री

काठमाडौं, ११ पुस/रासस


तस्वीरः रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ज्येष्ठ नागरिकको ज्ञान, अनुभव, सीप तथा प्रज्ञाको उपयोग गरी राज्य सञ्चालनका महत्त्वपूर्ण निर्णयमा मार्गदर्शन गर्ने वातावरण निर्माण गर्न सरकार क्रियाशील रहेको बताएका छन्।

तेस्रो राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा शुभकामना दिँदै प्रधानमन्त्री दाहालले सरकारले ज्येष्ठ नागरिकका नैतिक आदर्श नयाँ पुस्तामा हस्तान्तरण हुने अवस्था सिर्जना गर्दै परिवार, समाज तथा राष्ट्रलाई असल संस्कृतिको निरन्तरता र समाज सापेक्ष विकासको प्रेरणाको रूपमा लिएको बताएका छन्।

प्रधानमन्त्री दाहालले ज्येष्ठ नागरिकको सम्मानित, आरोग्यपूर्ण र सुखमय जीवनयापनको सुनिश्चिततासँग जोडिएका विषयलाई राज्यले प्राथमिकताका साथ सम्बोधन गर्ने प्रयास गरिरहेको बताएका छन्। उनले देशको जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तनसँगै बढ्दो ज्येष्ठ नागरिकको जनसाङ्ख्याको समुचित व्यवस्थापनमा थपिएका चुनौतीको सामना गर्न राज्यका सबै निकाय संवेदनशील हुन आवश्यक रहेको उल्लेख गरेका छन्।


ज्येष्ठ नागरिकले जीवनपर्यन्त परिवार तथा समुदायबाट साथ र सहयोग प्राप्त गरिराख्ने अवस्था सिर्जना गर्न तथा एकल र असहाय ज्येष्ठ नागरिकको उचित हेरचाहको प्रबन्ध गर्न सरकार निरन्तर लागिपरेको प्रधानमन्त्री दाहालले बताएका छन्। आफ्नो ऊर्जाशील समय कुनै न कुनै रूपमा राष्ट्रका लागि समर्पित गर्ने ज्येष्ठ नागरिकका अधिकार प्रत्याभूत गर्न गरिएका व्यवस्था प्रभावकारी बन्दै गएको उनको भनाइ छ।

"सामाजिक सुरक्षा भत्ता, ज्येष्ठ नागरिक स्वास्थ्य बीमा, ज्येष्ठ नागरिक आश्रम, दिवा सेवा केन्द्र तथा उहाँहरूलाई सेवा सुविधामा प्राथमिकता, छुट एवं सहुलियत प्रदान गर्ने कार्यक्रम प्रभावकारी देखिँदै आएको छ"–प्रधानमन्त्री दाहालले भने–"आगामी दिनमा यस्ता कार्यक्रम थप विस्तार र गुणस्तरीय बनाउने विश्वास दिलाउन चाहन्छु।"

यस वर्षको नारा 'ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान' रहेको छ। प्रधानमन्त्रीले यस दिवसले ज्येष्ठ नागरिकको सम्पूर्ण अधिकारको सुनिश्चितता र आत्मगौरव प्रत्याभूत गर्न परिवार, समाज र राष्ट्रका प्रयासलाई एकीकृत गर्नुपर्ने राष्ट्रिय जिम्मेवारी पूरा गरी सभ्यताको निरन्तरता तथा विकासमा प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन्। यस अवसरमा उनले जीवनको महत्त्वपूर्ण समय समाज र देशका लागि समर्पण गर्ने सम्पूर्ण ज्येष्ठ नागरिकप्रति बधाई तथा शुभकामना प्रकट गरेका छन्।

# भारतीय प्रहरीको सहयोगमा रौतहट प्रहरीले छजना अपहणकर्तालाई पक्राउ गऱ्यो

प्रस, रौतहट, ११ पुस/



भारतीय प्रहरीको सहयोगमा रौतहट प्रहरीले छजना अपहणकर्तालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा छिमेकी देश भारतको जिल्ला सीतामाढी थाना डुम्रा मेहसोल वडा नं. २७ बस्ने मो. अकबर, सोही ठाउँ बस्ने मो. नईम, वर्ष ३० को कौसर अली, वर्ष २० को मो. सदाब, वर्ष २७ को मो.इरशाद र टन्डसपुर वडा न ३ बस्ने रामनरेश कुमार रहेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

पुस ५ गते बिहान १०:३० बजे जिल्ला चितवन भरतपुर महानगरपालिका–१९ हुलाक चोक बस्ने वर्ष ४० को कृष्ण थापा र ऐ. रत्ननगर न. पा. वडा नं १२ जीरौना बस्ने अ.वर्ष ३५ को दिपेन्द्र महतसमेत मोटरसाइकलमा रौतहटको चन्द्रपुर जान्छु भनी हिडेकोमा पुस ७ गते बेलुका निज कृष्ण थापाले आफ्नो फेसबूक आइडीबाट म अपहरणमा परें रु छ लाख फिरौती माग गरेको छ भनी पत्नीलाई म्यासेन्जरमा कल गरेको भन्ने जिल्ला प्रहरी कार्यालय भरतपुर चितवनमा सूचना प्राप्त भएको थियो।

उक्त सूचना जिप्रका रौतहटमा प्राप्त भई अपहरणमा परेका मानिसहरू सीमावर्ती भारतीय इलाकामा हुन सक्ने सम्भावना रहेकोले प्रहरी टोलीले भारतीय प्रहरीसँग सहयोग तथा समन्वय गरी अप्रेशन सञ्चालन गर्दा पुस १० गते सीतामढी डुम्रा थानाबाट खटेको भारतीय प्रहरीद्वारा अपहरणमा परेका कृष्ण थापा र दीपेन्द्र महतसमेतलाई सकुशल उद्धार गरेको र अपहरणमा संलग्न छजना पुरुषलाई पक्राउ गरेको जिप्रका रौतहटका सूचना अधिकारी एलिजा गिरीले बताएकी छन्।

पीडितबाट भारतीय सीतामढी प्रहरीले अपहरण तथा शरीर बन्धक शीर्षकमा जाहेरी दरखास्त लिई थप अनुसन्धान कार्य अगाडि बढाएको, पीडीतहरू सीमावर्ती इलाकामा आई जिप्रकामा सम्पर्क गरेको र निज पीडितहरूलाई प्रहरी कार्यालयमा ल्याई प्रारम्भिक स्वास्थ्य परीक्षणपश्चात् आफन्तको जिम्मा लगाएको अन्य अनुसन्धान कार्य जारी रहेको सूचना अधिकारी गिरीले बताएकी छिन्।

# हात्ती लघार्न दलबल जङ्गलमा

महोत्तरी, ११ पुस/रासस

चुरे फेदका बस्तीमा जङ्गली हात्तीले बस्ती पसेर आतङ्क मचाएपछि बर्दिवासमा जनप्रतिनिधि, सुरक्षाकर्मी र स्थानीयले जङ्गलमा खोज अभियान बढाएका छन्।

रातभरि बस्ती पसेर दिनभरि जङ्गल पस्ने हात्ती धपाउन अहिले केही दिनयता वन क्षेत्रमा खोज अभियान थालिएको हो। अभियान जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण, बर्दिवासका नगरप्रमुख प्रह्लादकुमार क्षत्रीसहित जनप्रतिनिधि, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित अधिकारी, वनसम्बद्ध अधिकारी तथा सुरक्षाकर्मीले शुरू गरेका हुन्।

रातभरि बस्तीतिर पसेर बालीनाली नोक्सान गर्ने, काठे घरगोठ सिङ्गौरी खेलेर भत्काउने हात्ती उज्यालो हुन दुई घण्टाजति पहिले सघन वनका कन्द्रामा लुक्न जाने गरेको पाइएको छ। चुरे पहाडसँग जोडिएको जिल्लाको एकमात्र स्थानीय तह बर्दिवास नगरपालिकाका वनसँग जोडिएका बस्तीमा हात्तीको आतङ्क बढेपछि धपाउन खोज अभियान थालिएको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रमुख तथा प्रहरी नायब उपरीक्षक विजय यादवले बताए।

"जङ्गली हात्तीले लगातार उपद्रो मचाएको गुनासो बस्तीबस्तीबाट बढेपछि धपाउन खोजी थालिएको हो"–प्रनाउ यादव भन्छन्। यसपालि गएको दशैंयता बर्दिवास नगरक्षेत्रका विभिन्न बस्तीमा हात्ती–आतङ्क बढेको हो। बर्दिवास–१, २, ३, ४, ५, ८, १० र ११ मा यसपालि हात्तीले नोक्सान गरेको छ। यी वडाका बस्ती वनक्षेत्रसँग जोडिएका बस्ती हुन्।

हात्ती दिउँसोभरि मानव चहलपहल कम हुने सघन झाडीमा लुक्ने र धेरैजसो मध्यरातपछि बस्ती पस्ने गरेको पाइएको छ। जङ्गली हात्तीले बर्दिवास–१, २ र ८ मा बालीनाली नोक्सान गर्ने गरेको छ। बर्दिवास–३, ४, ५, १० र ११ सहितका चुरे फेदका बस्तीमा भने काठेघर र गोठ लडाउने, घरआँगनका भकारी भत्काउनेसम्मका आतङ्क स्थानीयले भोग्दै आएका छन्।

बर्सेनि हिउँद लाग्न थालेपछि हात्ती बस्ती पस्दै आएका छन्। विगत वर्षहरूमा तीन–चारको साङ्ख्या देखिएका भए पनि यसपालि भने एक जोडा देखिएका बर्दिवास–८ का वडाध्यक्ष शमशेरसिंह लामाले बताए। यसपालि बस्ती पस्न पल्केका जोडा हात्तीले दशैंयता बर्दिवास–२ र ८ मा करीब २० बिघा क्षेत्रफलका धान, उखु र तरकारीसहितका बाली नोक्सान गरेको लामाको भनाइ छ।

हात्तीको आतङ्क बढेपछि यसलाई नियन्त्रण गर्न खोज गरी धपाउने उद्देश्यले अभियान थालिएको बर्दिवास नगरप्रमुख क्षत्री बताउँछन्। नगर क्षेत्रका वनसँग जोडिएका बस्तीमा सर्वसाधारण हात्तीको त्रासले राम्ररी सुत्न नपाएका बर्दिवास–५ का वडाध्यक्ष काहारमान स्याङ्वाको गुनासो छ।

करीब एक दशकयता हात्ती, नीलगाई र बँदेल बस्ती पस्ने क्रम बढेको हो। हात्ती वनसँग जोडिएका बस्तीबाट तल नझरे पनि नीलगाई र बँदेलको आतङ्क भने भारतीय सीमाक्षेत्रका बस्तीसम्मै बढेको छ।

"वन क्षेत्रमा मान्छेको बाक्लो चहलपहल, पातलिंदो वन तथा पानी एवं चरीचरनको बढ्दो अभावले यी तल झर्दैछन्"–डिभिजन वन कार्यालयका प्रमुख सन्तोष झा भन्छन्–"बितेका वर्षहरूमा वन क्षेत्र चिर्दै बनाइएका विकास संरचना (विद्युत् लाइन विस्तार, रेल्वे ट्र्याक, सडक आदि) वन्यजन्तुमैत्री भएन, यसले वन्यजन्तुको नियमित आहारव्यवहार खलबलिंद यी बस्ती पस्ने क्रम बढेको हो।" वासस्थान उजाडिँदै जानु र सहज आवागमनमा अवरोध भएपछि वन्यजन्तु बस्ती पस्ने गरेका झाको निष्कर्ष छ।

मान्छे र वन्यजन्तुबीच पछिल्ला वर्षमा बढेको द्वन्द्व वन्यजन्तु मैत्री विकास पूर्वाधार निर्माण नगर्दा भएको झा बताउँछन्। अब काम गर्दा वन्यजन्तुको पक्षलाई ध्यान दिएर गर्नुपर्ने र ठाउँठाउँमा वनभित्र पानी पोखरी निर्माण तथा संरक्षण गर्नुपर्ने उनको भनाइ छ।

# नेप्से परिसूचकमा १७ अङ्कको गिरावट

काठमाडौं, ११ पुस/रासस




नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। आज नेप्से परिसूचक १७.२३ अङ्कले घटेर २,०७०.८४ को बिन्दुमा कायम भएको हो।

आज ३०७ कम्पनीको एक करोड ४३ लाख ३७ हजार सात सय ३८ कित्ता शेयर एक लाख १७ हजार चार सय ७६ पटक खरीदबिक्री हुँदा रु ५,२४,८७,८२,६११ बराबरको कारोबार भएको छ।

म्युचुअल फन्ड समूह ०.५३ र निर्जीवन बीमा समूह १.१६ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै व्यापार समूहको उपसूचकमा २.३२ प्रतिशतको गिरावट देखिएको छ।

चारवटा कम्पनीको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड, मनकामना इन्जिनीयरिङ हाइड्रोपावर लिमिटेड र चिर्खवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो। बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको नेप्सेले जनाएको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु १९,६६,६४,७९३ बराबरको कारोबार भएको छ। त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको ५,०७,७७५ कित्ता शेयर किनबेच भएको छ।

# सुदूरपश्चिममा पुनः कोरोना सङ्क्रमण, भेरियन्ट पत्ता लगाइँदै

सुदूरपश्चिम, ११ पुस/रासस

पछिल्ला महीना शून्य रहेको कोरोना भाइरसको सङ्क्रमण सुदूरपश्चिम प्रदेशमा पुनः देखिन थालेको छ।

भारतबाट भित्रिने नागरिकको सीमा नाकामा गरिएको एन्टिजेन परीक्षणबाट पछिल्लो हप्तामा आठजनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। गौरीफन्टा सीमा नाकास्थित हेल्थ डेस्कका अहेब गणेश साउदले भारतबाट भित्रिने नागरिकमध्ये लक्षण देखिएकाको एन्टिजेन विधिबाट नमूना जाँच गर्दा आठजनामा कोरोना सङ्क्रमण फेला परेको जानकारी दिए।

"सङ्क्रमित चारको नमूना थप परीक्षणका लागि प्रदेश प्रयोगशालामार्फत काठमाडौं पठाइएको र चार सङ्क्रमितको नमूना आज पठाउने तयारी भइरहेको छ"–उनले भने–"सङ्क्रमितमा कुन भेरियन्ट हो पत्ता लगाउन नमूनाको थप परीक्षण गर्न जरूरी भएको हो।"

सीमा नाकामा सङ्क्रमित फेला पर्ने बिरामीलाई 'होम आइसोलेशन'मा बस्न अथवा सिकिस्त बिरामीलाई अस्पताल जान सल्लाह दिइने र सम्बन्धित पालिकासँग पनि समन्वय गर्ने गरिएको साउदले बताए। कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएपछि विश्व स्वास्थ्य सङ्गठनले केही दिन अघि सचेत गराइएको पनि साउदले बताए।

स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रको तथ्याङ्कमा भने पछिल्ला तीन दिनमा प्रदेशमा तीनजना कोरोना सङ्क्रमित फेला परेको उल्लेख गरिएको छ। पछिल्लो २४ घण्टामा गौरीफन्टा र गड्डाचौकी सीमा नाकाबाट भित्रिने नागरिकमध्ये शङ्कास्पद ७६ जनाको एन्टिजेन परीक्षण गर्दा एकजनामा र पुस ८ गते दुईजनामा सङ्क्रमण फेला परेको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ।


सिक्टा नहरः राष्ट्रिय गौरवको सिक्टा सिंचाइ आयोजनाको सिक्टा नहरमा गहुँ खेतीका लागि पानी सञ्चलन गरिँदै।
तस्बिरः रासस

# ज्येष्ठ नागरिकलाई लक्षित गरी आकाशे पुलमा लिफ्ट

काठमाडौं, ११ पुस/रासस

काठमाडौं महानगरपालिकाले बानेश्वरको आकाशे पुलमा ज्येष्ठ नागरिकलाई लक्षित गरी दुई वटा लिफ्ट राख्ने तयारी गरेको छ। उक्त पुलको दुवैपट्टी एकएकवटा लिफ्ट राख्ने तयारी भएको कामपाका ट्राफिक विज्ञ सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए। उनका अनुसार उक्त लिफ्टलाई प्रयोगकर्ताले आवश्यकता अनुरूप प्रयोग गर्न सक्नेछन्।

लिफ्ट ज्येष्ठ नागरिकप्रति लक्षित गरेर राखिने भए पनि अन्य शारीरिक रूपमा अक्षम, अपाङ्गता भएका नागरिक तथा बालबालिकाले प्रयोग गर्न सक्ने श्रेष्ठको भनाइ थियो। उनका अनुसार लिफ्टमा एकपटकमा आठजनाले सेवा लिन सक्नेछन्।

आकाशे पुलमा लिफ्ट राख्नका लागि कामपाले चालू आर्थिक वर्षमा रु पाँच करोड विनियोजन गरेको छ। चालू आवको नीति कार्यक्रम र बजेटमा व्यवस्था भए अनुरूप नै कामपाले उक्त स्थानमा लिफ्ट राख्ने तयारी गरेको जनाएको छ।

लिफ्टका लागि बोलपत्र आह्वान गर्ने अन्तिम तयारी भइरहेको जनाउँदै आगामी साता निर्माणका लागि सार्वजनिक सूचना आउने ट्राफिक विज्ञ सल्लाहकार श्रेष्ठले बताए। उनका अनुसार लिफ्ट राखिसकेपछि त्यसको संरक्षण र रेखदेख गर्नका लागि कामपाले केही स्वयंसेवक राख्ने तयारी गरेको छ।

कामपाले चालू आवमा सडक सुरक्षाका लागि बस बिसौनी निर्माण, बसको रूट मिलाउने, सडकबत्ती विस्तार गर्दै जाने, एकतर्फी सडकको व्यवस्थापन गर्ने, मोटरसाइकल ग्यारेज सञ्चालनका लागि मापदण्ड बनाउने, सडकमा डिभाइडरको व्यवस्थापन, पेट्रोल पम्पको व्यवस्थापन, सडक सङ्केत तथा चिह्न व्यवस्थापनलगायत काम गर्ने जनाएको छ।

यससँगै दैनिक उपभोग्य वस्तुको ढुवानी, मालवाहक सवारी, विद्यालय बसको समय निर्धारण, पार्किङ व्यवस्थापन गर्ने, विद्यालयमा यातायात प्रणालीसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने पनि कामपाको तयारी छ।

सल्लाहकार श्रेष्ठले सडकमा सङ्केत चिह्न मिलाउन तत्काल काम थाल्नुपर्ने बताए। यस्ता चिह्न आधिकारिक निकायले अध्ययन गरेर मात्र राख्नुपर्ने भएकोले कामपाले अध्ययन गरिरहेको उनले जानकारी दिए। उनका अनुसार सडक चिह्न देखिने, स्पष्ट, बुझ्न सजिलो हुने तथा प्रोत्साहन दिने खालको हुनुपर्दछ। चालू आवमा कामपाको अधिकार क्षेत्रमा पर्ने यातायात क्षेत्र सुधारका लागि रु ४४ करोड छुट्याइएको छ।

# कूटनीतिक सुझबुझको खाँचो

आलेख



डा भेषबहादुर थापा

**जनताको आशा राजनीतिक स्थिरता र त्यो हासिल गर्न सक्ने कुरा अनुभूति हुन सकेको छैन । यो निकै चुनौतीपूर्ण विषय हो भन्ने मलाई लाग्दछ । यतिबेला विश्वमा देखिएको अनिश्चित वातावरणबाट देशलाई कसरी जोगाउने भन्ने आशाको सञ्चार दिन आवश्यक छ ।**

एक सय चार वर्ष जहानियाँ राणाकालको अन्त्यसँगै २००७ सालमा प्रजातन्त्र आयो । विसं २००७ मा प्रजातन्त्र स्थापना हुँदा देश आर्थिक र कूटनीतिकरूपमा निकै पछाडि रहेको थियो । नेपालको स्वतन्त्र अस्तित्त्व नै असुरक्षित रहेको स्थिति थियो । त्यतिबेला साम्राज्यवाद समाप्त हुँदै थियो भने विश्वका धेरै मुलुक औपनिवेशिक शासनबाट स्वतन्त्रता हासिल गरी नयाँ पहिचान बनाउँदै थिए । नेपाल पनि आफ्नो स्वतन्त्र अस्तितव जोगाउन विदेशी मुलुकहरूसँग सम्बन्ध विस्तार गरिरहेको थियो । राणा शासनको अँध्यारोकालबाट प्रजातन्त्रको उज्यालो समयमा नेपालले हरेक क्षेत्रमा ठूलो फड्को मारेको थियो ।

नेपाल आधुनिक संसारमा प्रवेश गरेको सन् १९५० पछि मात्र हो । त्यसबेलाका राजनीतज्ञहरूले नेपाललाई अघि बढाएका हुन् । अघिल्लो पुस्ताले राम्रो जग बसालेका कारण नै नेपाल यतिखेर यो अवस्थामा स्वतन्त्र अस्तित्वका साथ उभिन सकेको छ । छिमेकमा भएका परिवर्तनहरूबाट नेपाल आफ्नो परिचय र पहिचान स्थापित गर्दै अघि बढ्दै आएको छ । तर यसमा राजनेताहरू जति इमानदार बन्नुपर्ने हो, त्यो नभएको भन्ने जनगुनासो बढिरहेको छ । देशको समस्या देशभित्रैबाट खोजिनुको साटो त्यसमा बाहिरी सहयोग खोज्ने प्रवृत्ति अचेल बढ्दै गएको छ । यसले हाम्रो विदेश नीतिमा कहिलेकाहीं धमिलोपन ल्याउने गरेको छ ।

**छिमेकीसँगको सन्तुलित सम्बन्ध**

नेपालको भौगोलिक संरचनाले गर्दा दुवै ठूला छिमेकी मुलुकसँग प्रतिकूल असर नपर्नेगरी आफ्नो स्वतन्त्रता र अखण्डता कायम राख्ने चुनौती हामीलाई जहिले पनि रहिरहन्छ । दुई छिमेकीमध्ये एउटालाई नजीक र अर्कोलाई टाढा राख्नु हुँदैन । दुवै छिमेकीसँग सन्तुलित, विश्वसनीय बलियो सम्बन्ध बनाएर त्यसैका आधारमा आफ्नो अस्तित्व मजबूत बनाउँदै अघि बढ्नुको विकल्प छैन । चिरकालसम्म दिगो हुनेगरी र भावी पुस्तालाई त्यही बाटोमा हिंडाउने गरी समझदारी, आपसी सद्भाव, सन्धि सम्झौताको आधारमा सम्बन्धहरू तय गरिनुपर्छ ।

खासगरी छिमेक र शक्ति राष्ट्रसँगको सम्बन्धमा नेपालजस्तो भू–राजनीति भएको मुलुक बढी चनाखो हुनुपर्छ । विश्वको शक्ति सन्तुलनमा तल–माथि भइरहँदा हामी सचेत भएर नै अघि बढ्नुपर्छ । सत्तापक्ष र प्रतिपक्ष दुवैले यस्ता विषयमा चनाखो हुनुपर्छ र बाह्य सम्बन्धका विषयमा समान धारणा बनाउनुपर्छ । कुनै पनि मुलुकले गर्ने सहयोगलाई सापेक्षरूपमा हेर्नुपर्छ । नेपालजस्तो मुलुकका लागि टाढा–टाढाका शक्ति राष्ट्रभन्दा आफ्नै छिमेकीसँगको सम्बन्ध निकै महत्त्वपूर्ण हुन्छ । विश्वको शक्ति सन्तुलनमा उदाउँदा दुई शक्तिबीच रहेका हामीले दुवैबाट फाइदा लिन सक्नुपर्छ । ती छिमेकसँग हामीले प्रतिस्पर्धा होइन, सहकार्य गरेर अघि बढ्नुपर्छ । चीन र भारतलाई ठीक ठाउँमा राखेर सम्बन्ध अघि बढाउन सक्यौं भने मात्रै पनि हाम्रो पक्षमा धेरै फाइदा पुग्दछ । त्यसैले दुई मुलुकबीच सन्तुलन कायम गर्नुबाहेक हामीसँग अरू उपाय छैन ।

**विश्व परिवेशमा आएको परिवर्तन**

विश्वलाई हेर्दा हिजोको परिवर्तनले ल्याएको न्यू अडरको परिवेशमा पुग्ने विश्व परिवेश चुनौतीपूर्ण बनेको छ । हिजो विश्वलाई हेर्ने र आज हेर्ने अवस्था परिवर्तन भएको छ । विश्वको अवस्था हेर्दा चिन्ताजनक छ । कतै लडाइँ भइरहेको छ, कतै प्राकृतिक विपद् भइरहेको छ । विश्वको आर्थिक सङ्कटले गर्दा मानिस अवसरको खोजीमा विश्वभर शरणार्थीको रूपमा अन्य मुलुकमा दौडिरहेको छ । आफू जन्मेको देश छाडेर सुरक्षित महसूस गर्दै प्रगतिको लागि अन्य देशमा पलायन भइरहेको छ । अर्कोको देशमा गएर मुक्ति पाइन्छ भन्ने भ्रमले डेरा जमाएको छ ।

**विदेश नीतिमा सुधार**

हाम्रो विदेश नीति पनि स्पष्ट नै छ तर कार्यान्वयन पक्ष कमजोर छ । संविधानको मार्गदर्शन, राष्ट्रिय हित, संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलका सिद्धान्त हाम्रा विदेश नीतिका मुख्य मार्गदर्शक हुन् । त्यो आधारमा सम्बन्ध अघि बढाउन सक्दा सरकार चुक्दैन । मुलुकको हितलाई केन्द्रमा राखेर बाह्य सम्बन्ध सुदृढ गर्नेतर्फ हामी उन्मुख हुनुपर्छ । समाजवाद, लोकतन्त्र र मानव अधिकारप्रति सचेत रहेर सरकार अघि बढेमा धेरै विषयमा हामी अब्बल ठहरिने छौं । नेपालजस्तो मुलुक विश्वको कुनै पनि गुट वा उपगुटमा सामेल हुनुहुँदैन ।

नेपालजस्तो राष्ट्रका लागि कूटनीति ठूलो हतियार हो । कूटनीतिमा स–साना कुराले पनि गम्भीर अर्थ राख्छ । कूटनीति सीधा रेखामा हुँदैन । यसको कुनै स्थापित सूत्र पनि छैन । तर, यसको निश्चित मूल्य र मान्यता हुन्छ । त्यसमा हामी सचेत रहनुपर्छ । वर्तमान सरकार गठनपछि कूटनीतिक क्षेत्रमा केही आशाको किरण देखिन्छ नै । संयुक्त राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमणदेखि विभिन्न मुलुकहरूमा भएका भ्रमणाहरूको आदान–प्रदानले ती देशहरूसँगको कूटनीतिक सम्बन्धलाई फराकिलो बनाउन मदत पुग्दछ ।

**जनतामा आशाको सञ्चारको खाँचो**

नेपालमा पनि पटकपटक राजनीतिक परिवर्तनहरू भए । समानताका लागि अनेक व्यवस्था परिवर्तन भए । प्रजातन्त्रको निम्ति ज्यान बलिदान दिने शहीदहरूको देन अविस्मरणीय छ । अहिले नागरिकमा चेतनाको स्तर निकै माथि उठेको छ । राजसंस्थाको अन्त्यदेखि गणतन्त्रको बहालीसम्म आइपुग्दा नेपालको राजनीतिले ठूलो चक्र पार गरेको छ । तैपनि नेपाली जनताले राजनीतिब स्थिरताको भावना पाउन सकेको छैन । आफ्नोपन कायम राख्दै विश्वमा प्रगतिशील राज्यको रूपमा देखाउन जुन अवस्था शान्ति बहालीपछि भयो, शान्ति र प्रगतिको बाटो पहिल्याउनुपर्ने थियो, देशमा स्थायित्व र प्रगति बनाउनुपर्ने थियो त्यो भने हुन सकेको देखिंदैन । हिजो यसैका लागि भनेर सङ्घर्षमा होमिएकाहरू आज कोही यहाँ सम्भावना नदेखेर विदेश पलायन भएका छन् भने कोही आफूले हिजो देखेको सपनाबाट विचलित भई निहित स्वार्थमा चुर्लुम्म डुबेका छन् । यसले मुलुकलाई अधोगतितिर लैजान्छ ।

हामी यति बेला विषम परिस्थितिबाट गुज्रिरहेका छौं । एकातिर विश्वमा नयाँ शक्ति राष्ट्रहरू उदाउँदै छन्, शीतयुद्ध समाप्त भए पनि विश्व परिस्थिति झन् जटिल मोडतर्फ बढ्दैछ भने अर्कोतिर देशभित्रै आन्तरिक चुनौतीहरूको सामना गर्ने क्षमतामा ह्रास आएको छ, विश्वासको सङ्कट बढ्दो छ । राजनीति जनमुखी हुनुभन्दा स्वार्थप्रेरित हुँदै गएको छ । राजनीतिक परिवर्तन मात्र नभई आर्थिक परिवर्तन आवश्यक छ । सङ्घर्ष र परिवर्तनको बेला जुन धारणा बाहिर आएको थियो जनताका लागि काम गर्छौं भनेका थिए, आज त्यसो नहुँदा हिजोको भन्दा अवस्था झन् चुनौतीपूर्ण भएको छ । तसर्थ, सम्पूर्ण राजनीतिक शक्तिहरू आन्तरिक विवादमा नअल्झिएर मुलुकलाई समृद्धिको बाटोतर्फ हिंडाउन सक्षम हुनुपर्ने बेला छ । विवेकशील र दूरगामी निर्णयको खाँचो टडकारोरूपमा रहेको छ ।

जनताले देशभित्र सुख, शान्ति र समृद्धिको सम्भावना नदेखेर विदेशी भूमिमा जाने जुन लर्को लागेको छ, यसले एकातिर मुलुकमा युवा शून्य हुने अवस्था आएको छ भने अर्कोतिर विदेशी भूमिमा अर्काको लागि लडेर ज्यान गुमाउनुपर्ने अवस्था छ । हिजो भएन भन्ने कुरा आज हुन्छ भनेर आशाको भावना देखाउन छाडेर विदेशिनुपर्ने अवस्था आउनु देशको दुर्भाग्य हो । विगतमा भएका कमीकमजोरी केलाउँदै कसैलाई दोषी देखाइरहनुभन्दा त्यसबाट पाठ सिक्नुपर्छ । सुशासनका लागि कानूनी राज्य र न्यायपूर्ण समाजको स्थापना गर्ने अवस्था सिर्जना भएको छ ।

प्रजातन्त्र पुनःस्थापनापछि विश्वका धेरै देशबाट नेपाललाई थुप्रै सहयोग प्राप्त भयो तर ती सहयोगको प्राथमिकीकरण हुन सकेन । विदेशी सहायताको उचित प्रतिफल प्राप्त क्षेत्रमा लगानी हुन सकेन । सहायता वा लगानी ल्याउँदा देशको दीर्घकालीन हितमा प्रयोग गर्नु जरूरी हुन्छ । समृद्ध नेपाल निर्माण गर्न शान्तिपूर्ण कानूनी राज्य हुनुपर्दछ । यो नदेखेर जनतामा निराशा जागेको छ । नैतिकताको ह्रास व्यापक भएको अनुभूति जनताले गरेको छ । जनताको आशा राजनीतिक स्थिरता होस्, त्यसलाई हासिल गर्न सक्ने कुरा जनताले अनुभूति गर्न सकेको छैन । यो निकै चुनौतीपूर्ण विषय हुन् भन्ने मलाई लाग्दछ । यतिबेला विश्वमा देखिएको अनिश्चित वातावरणबाट देशलाई कसरी जोगाउने भन्ने आशाको सञ्चार दिन आवश्यक छ ।

**राष्ट्र–परराष्ट्र पुस्तकले समेटेको पाटो**

अस्थिर परिवर्तनहरूबट गुज्रिएको नेपालको लामो कालखण्डलाई प्रत्यक्ष हेर्ने र भोग्ने अवसर मलाई मिल्यो । विसं २००७ को परिवर्तन, २०१७ सालको प्रतिपरिवर्तनदेखि गणतन्त्र नेपालसम्मका राजनीतिक आरोह–अवरोह, आर्थिक मामिला, परराष्ट्रनीति तथा कूटनीतिक अभ्यासलाई समेटेर हालै मेरो पुस्तक राष्ट्र–परराष्ट्र एकतन्त्रदेखि गणतन्त्रसम्म बजारमा आएको छ ।

अमेरिकाको विश्वविद्यालय क्लेयरमन्टमा पढिरहेको आफूलाई २४ वर्ष उमेरमै राजा महेन्द्रले राष्ट्रिय योजना परिषद्को सदस्यसचिव बनाएदेखि विभिन्न समयक्रममा ४० वर्ष नकट्दै अर्थसचिव, नेपाल राष्ट्र बैंकको गभर्नर, अर्थमन्त्री, परराष्ट्रमन्त्रीको जिम्मेवारी पाएको थिएँ । अमेरिका तथा भारतका लागि राजदूत तथा पछि नेपाल–भारत प्रबुद्ध समूह अन्तर्गत नेपालतर्फका संयोजकसमेत रहेर काम गर्दाका अनुभवलाई नै पुस्तकमा उल्लेख गरेकोले धेरैका लागि देशको आर्थिक, राजनीतिक र कूटनीतिक पाटाहरूको जानकारी राख्न सहयोग पुग्ने देखेको छु ।

(डा थापासँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)



शालिग्राम सङ्ग्रहालय अवलोकनः राष्ट्रपति रामचन्द्र पौडेल बुधवार बागलुङ नगरपालिका–४ कुडुँलेस्थित शालिग्राम सङ्ग्रहालय अवलोकन गर्दै । तस्वीरः रासस

## फरक समाचार

# विन्टर ब्लुज के हो र यसको मुकाबला कसरी गर्ने

कल्पना गरौं तपाई यस्तो ठाउँमा हुनुहुन्छ जहाँको तापमान शून्य डिग्रीभन्दा पनि तल छ । महीनौंसम्म बिहान हुँदैन र तपाईंले प्रकाशको अनुहार पनि देख्न पाउनुहुँदैन । यस्तो सोच्दा पनि डर लाग्छ । तर स्वीडेनको एउटा सानो गाउँ



एबिस्कोमा यस्तै हुन्छ ।


उत्तरी स्वीडेनमा रहेको यो गाउँ आर्कटिक सर्किलभन्दा लगभग २०० किलोमिटर उत्तरमा छ । यहाँ मानिस शून्य डिग्री तापमानमा लामो समयसम्म अध्यँरोमा बस्दै आएका छन्, जहाँ महीनौंसम्म सूर्य देखा पर्दैन । एबिस्कोमा जाडो सबै मौसमभन्दा लामो हुन्छ । यहाँ अक्टोबरदेखि सूर्य देखिन छाड्छ । अघिल्लो चार महीना यही हाल रहन्छ । त्यसपछि फेब्रअरीमा सूर्य पुनः देखिन्छ । यहाँ बस्ने मानिसको जिन्दगीमा यसको धेरै असर पर्छ । उनीहरूको व्यवहार र ऊर्जाको स्तर पनि यसको असरले प्रभावित हुन्छ । त्यहाँका मानिसलाई घरबाट बाहिर निस्कन मन लाग्दैन ।

**सूर्यको किरण नहेर्दा हाम्रो शरीरमा कस्तो असर पर्छ ?**

बिबिसीसँग कुराकानीको क्रममा स्टकहोम युनिभर्सिटीमा स्लिप रिसर्चर अर्नो लोडेन भन्छन्– मनुष्य डायुरनल प्राणी हो । यसलाई सजिलो भाषामा भन्नुपर्दा जो दिनको समयमा अधिक सक्रिय र रातको समयमा धेरै सुत्ने गर्छ । उनी भन्छन्– हाम्रो शरीरको आफ्नै बडी–क्लक हुन्छ । हाम्रो शरीरलाई बाहिरी दुनियाँको लाइटको हिसाबले एडजस्ट हुन प्रतिदिन प्रकाश आवश्यक पर्दछ । मेलोटोनिन एक प्रकारको हार्मोन हो । जसलाई अँध्यारोको हार्मोन पनि भनिन्छ । यस हार्मोनको कारण नै हामीलाई निद्रा लाग्छ, निद्रा महसुस हुन्छ । सूर्यको प्रकाशले हाम्रो मस्तिष्कलाई मेलोटोनिनको उत्पादन रोक्न सन्देश पठाउँछ ।

रिसर्चर अर्नो लोडेन भन्छन्– मेलोटोनिन साँझ ८ बजेतिर सक्रिय हुन्छ र आधा रात १ बजेतिर सुत्ने क्रममा चरममा रहन्छ । बिहान हुनेबित्तिकै सूर्यको किरणबाट यो हार्मोन बन्न बन्द हुन्छ र हाम्रो निद्रा पूरा हुन्छ । सूर्यको किरण नपाएपछि हाम्रो शरीरको भित्री बडी–क्लक प्रभावित हुन्छ र बाहिरी दुनियाँसँग तालमेल बिग्रिन्छ ।

**सूर्यको किरण र डिप्रेशन :** द लाइटिङ रिसर्च सेन्टरकी मारियाना फिग्योरा



भन्छिन्– धेरैजसो मानिस जाडोको लामो रात र छोटो दिनसँग एडजस्ट गर्न सक्दैनन् । यसको कारण बताउँदै उनी भन्छिन्– यसबारे धेरै थ्योरी दिइएको छ । एउटा यो पनि कि दिनको समयमा हाम्रो शरीरले पर्याप्त मात्रामा सनलाइट पाउँदैन । यसको कारण थुप्रैजना डिप्रेशनको शिकार हुन पुग्छन् । केही व्यक्तिलाई कार्बोहाइड्रेटको बढी इच्छा हुन्छ र उनीहरूको वजन पनि बढ्छ । मारियानाका अनुसार यसलाई सिजनल इफेक्टिभ डिसअर्डर वा विन्टर ब्लुज भनिन्छ ।

दिल्लीस्थित म्याक्स सुपर स्पेसलिटीमा मेन्टल हेल्थ विभागका निर्देशक डा समीर मल्होत्रा भन्छन्–सूर्यको रोशनी निकै महत्त्वपूर्ण हुन्छ । हाम्रो ब्रेनभित्र एउटा भाग हुन्छ जसलाई हामी हाइपोथैलेमस भन्छौं । यो हाम्रो शरीरको भित्रको एउटा घडी हो जुन बाहिरको समयको साथ हाम्रो शरीरको समयलाई म्याच गराउँछ यदि बाहिर अँध्यारो धेरै छ भने हाम्रो आँखाको माध्यमबाट हामीले त्यति रोशनी पाउँदैनौं जति हामीले पाउनुपने हो । यस्तोमा मानिस जो निकै संवेदनशील छन् उनीहरूमा मूड डिसअर्डर हुने सम्भावना बढी हुन्छ । यसलाई सिजनल एफेक्टिभ डिसअर्डर नाम दिइएको छ । यसको मुख्य लक्षण भनेको मानिस उदास बस्ने, कुनै काममा मन नलाग्ने, जिन्दगी खुशी नरहने, भोक कम लाग्नेलगायत हो ।

**किन हामीलाई चाहिन्छ सूर्यको किरण ?** सूर्यको किरण नपाएपछि यसको असर हाम्रो शरीरमा निकै नराम्रो पर्छ । मेडिकल भाषामा यसलाई विन्टर ब्लुज भनिन्छ । विन्टर ब्लुजबाट बच्न प्रतिदिन कमसेकम २० मिनेट हाम्रो शरीर सूर्यको किरणको सम्पर्कमा आउनुपर्छ त्यो पनि बिहानको सूर्यको किरण नै चाहिन्छ । मारियाना भन्छिन् हामीले एक–दुई घण्टा बाहिर निस्कनुपर्छ । यदि त्यो सम्भव छैन भने घरकै झ्याल अगाडि बस्नुपर्छ । त्यो पनि सम्भव भएन भने घरभित्र टेबल ल्याम्प बालेर बढीभन्दा बढी प्रकाशको प्रयोग गर्नुपर्छ ।

तर जुन ठाउँमा महीनौं सूर्य निस्कँदैन भने त्यहाँका मानिसले के गर्ने भन्ने प्रश्नमा उनी भन्छिन्– जति सम्भव हुन्छ कसरत गर्नुपर्छ, सन्तुलित आहार, पर्याप्त निद्रा लिनुपर्छ । यसका अलावा मेडिटेशन पनि गर्नुपर्छ । साधारणतया मानिसहरू जाडोमा पानी थोरै पिउने गर्छन् । तर पानी पर्याप्त पिउनुपर्छ । साथीहरूसँग समय बिताउनुपर्छ आफूले रुचाएको काम गर्नुपर्छ ।

स्कैन्डिनेवियन देशहरूमा यसको उपचार खोजिएको छ । त्यहाँका मानिसलाई लाइट थेरापी दिइन्छ । घरभित्र नै आर्टिफिसियल सनरूम बनाइएको हुन्छ । यसबाट मानिसलाई विन्टर ब्लुजसँग मुकाबला गर्न मदत पुग्छ । यद्यपि अहिलेसम्म यसको कुनै वैज्ञानिक आधार भने छैन कि लाइट थेरापी कति प्रभावकारी हुन्छ र शायद यसैले फेब्रुअरीमा जब पुनः घाम उदाउँछ तब स्वीडेनको एबिस्को गाउँका मानिस पहाडमा पुगेर सूर्यको किरणको स्वागत गर्छन् र उत्सव मनाउँछन् ।

– बिबिसी हिन्दीबाट अनुवाद

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलद्वारा आफ्ना नागरिकलाई दिल्ली भ्रमण नगर्न सुझाव


तस्वीरः एजेन्सी

नयाँ दिल्ली, ११ पुस/एएनआई

नयाँ दिल्लीस्थित इजराइली दूतावास नजीकै मङ्गलवार बम विस्फोट भएपछि इजराइलको राष्ट्रिय सुरक्षा परिषद्ले भारतमा, विशेषगरी नयाँ दिल्लीमा आफ्ना नागरिकलाई भिडभाड हुने स्थानमा नजान सुझाव दिएको छ।

दिल्ली प्रहरीलाई मङ्गलवार आएको फोनमा मङ्गलवार साँझ चाणक्यपुरी कूटनीतिक क्षेत्रमा इजराइली दूतावास नजीकै विस्फोट भएको जानकारी दिइएको थियो।

विस्फोटपछि दूतावास नजीकै इजराइली राजदूतलाई सम्बोधन गरिएको पत्रसमेत भेटिएको थियो। दिल्ली प्रहरीले फरेन्सिक प्रमाणका लागि सान्दर्भिक प्रमाण पठाएको छ।

भारतका लागि इजराइली उपराजदूत ओहद नकास कायनारले दूतावासका कर्मचारी र कूटनीतिज्ञहरू सुरक्षित रहेको र आफ्नो सुरक्षा दलले घटनाबारे अनुसन्धान गरिरहेको मङ्गलवार बताएका थिए।

इजराइली राष्ट्रिय सुरक्षा परिषद्ले बम विस्फोटलाई सम्भवतः आक्रमणको स्वरूप भएको बताएको छ। भारतमा बसोवास गर्ने इजराइलीहरूलाई परिषद्ले सल्लाह दिंदै भनेको छ–"भीड हुने स्थान (मल, बजार) तथा पश्चिमी/यहुदीले प्रयोग गर्ने स्थानतर्फ जाने प्रयास नगर्नुहोला।"

परिषद्ले इजराइलीहरूलाई बाहिरी आक्रमणबाट बच्नका लागि रेस्टुरेन्ट, होटल तथा वारसहित धेरै सार्वजनिक स्थानमा नजान तथा कार्यक्रममा भाग नलिन पनि आग्रह गरेको छ। रासस

## दक्षिण कोरियाद्वारा उत्तर कोरियाली गुप्तचर प्रमुखमाथि प्रतिबन्ध

सोल, ११ पुस/एएफपी

प्योङयाङले हालै अन्तर्महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेपछि दक्षिण कोरियाले अवैध साइबर गतिविधिलाई लिएर उत्तर कोरियाको गुप्तचर निकायका प्रमुखमाथि प्रतिबन्ध लगाएको सोलको विदेश मन्त्रालयले बुधवार बताएको छ।

प्योङयाङ उसको आणविक बम तथा ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमका लागि पहिलेदेखि नै अन्तर्राष्ट्रिय दबाबमा छ। उत्तर कोरियाली नेता किम जोङको नेतृत्वमा आणविक बम तथा ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रममा प्योङयाङले तीव्र गतिमा प्रगति गरेको छ।

सोल, टोक्यो र वाशिंगटनले उत्तर कोरियाको साइबर अपराध, क्रिप्टोकरेन्सी र मनी लन्ड्रिङ गतिविधि सम्बोधन गर्न उपायहरू समावेश गर्ने तीनतर्फी पहल शुरू गरेको सातापछि यस्तो घोषणा आएको हो। साइबर अपराध, क्रिप्टोकरेन्सी र मनी लन्ड्रिङबाट उत्तर कोरियाले आणविक र क्षेप्यास्त्र कार्यक्रमहरूमा कोष उपलब्ध गराउने विश्वास गरिन्छ।

सोलको विदेश मन्त्रालयले विज्ञप्तिमा भनेको छ–"प्योङयाङको जासूसी जनलर ब्युरोका प्रमुख री चाङ होमाथि 'अवैध साइबर गतिविधि र प्रविधि चोरीमार्फत विदेशी मुद्रा आर्जन' मा संलग्नता भएकोमा प्रतिबन्ध लगाइएको छ।" उनको गतिविधिले 'उत्तर कोरियाली शासनका लागि राजस्व उत्पन्न गरेको र उसको आणविक तथा क्षेप्यास्त्र गतिविधिका लागि पैसा जुटाउन' योगदान पुगेको विज्ञप्तिमा उल्लेख छ।

रीलाई उत्तर कोरियाली ह्याकिङ समूह किमसुकी, लाजरस र एन्डारियलको मूल सङ्गठनका प्रमुख भएको विश्वास गरिन्छ। ती समूहमाथि सोलले पहिलेदेखि नै प्रतिबन्ध लगाएको छ। रीसँगै सोलले 'उत्तर कोरियाका लागि आणविक–सम्बन्धित खनिज र संयुक्त राष्ट्रसङ्घद्वारा स्वीकृत सामग्री लिथियम–६ को व्यापार' मा संलग्न भएको भन्दै पूर्वकूटनीतिज्ञ युन चोलसहित अन्य सात उत्तर कोरियालीमाथि प्रतिबन्ध लगाएको छ।

कालो सूचीमा परेका व्यक्तिहरूलाई सोलको पूर्व अनुमतिविना दक्षिण कोरियाली नागरिकसँग विदेशी मुद्रा र वित्तीय कारोबार गर्न रोक लगाइएको छ। विश्लेषकहरूका अनुसार यी कदम दुवै मुलुकबीच सीमित व्यापारलाई ध्यानमा राखेर प्रतीकात्मक हुन्।

सोलले अहिले गत वर्ष अक्टोबरमा प्योङयाङको हतियार कार्यक्रमसँग सम्बन्धित ८३ व्यक्ति र ५३ संस्थालाई कालो सूचीमा राखेको सोलको विदेश मन्त्रालयले जनाएको छ।

उत्तर कोरियाले हालै आणविक तथा सैन्य धम्की बढाएको छ। उसले नोभेम्बरमा एउटा जासूसी उपग्रहको सफलतापूर्वक प्रक्षेपण गरेको छ भने यसै महस्ना सबैभन्दा उन्नत आइसिबिएम परीक्षण गरेको छ। उत्तर कोरियाली नेता किमले गत साता आणविक कार्यक्रमलाई 'उक्साएको' खण्डमा प्योङयाङ आणविक हमला गर्न नहच्किने बताएका थिए।

"उत्तर कोरियाको उत्तेजनाले अनिवार्यरूपमा मूल्य तिर्नुपर्ने हाम्रो सरकारले स्पष्ट गरेको छ"–सोलको विदेश मन्त्रालयले बुधवार विज्ञप्तिमा भनेको छ–"उत्तेजना बन्द गर्न र आणविक निशशस्त्रीकरणाका लागि वार्तामा सहभागी गराउन अन्तर्राष्ट्रिय समुदायसँग घनिष्ठ सहयोग जारी राख्ने तथ्य हाम्रो सरकारले उत्तर कोरियालाई महसूस गराउने छ।"

सोल, टोक्यो र वाशिंगटनका अनुसार प्योङयाङले गत वर्ष मात्रै क्रिप्टोकरेन्सीमा एक अर्ब ७० करोड डलरभन्दा बढी चोरी गरेको र 'दुर्भावानापूर्ण साइबर गतिविधि' मार्फत सूचना एकत्रित गरेर हतियार कार्यक्रममा सहयोग गरेको थियो। रासस

## निकेल प्लान्टमा भएको विस्फोटपछि इन्डोनेशियाका मजदूरद्वारा प्रदर्शन

जाकर्ता, ११ पुस/एएफपी

सयौं इन्डोनेशियाली मजदूरहरूले बुधवार चिनियाँ लगानीको निकेल प्रशोधन प्लान्टको अवस्थाविरुद्ध विरोध गरेका छन्। उक्त प्लान्टमा सप्ताहान्तमा भएको विस्फोटमा परी कम्तीमा १८ को मृत्यु र दर्जनौं घाइते भएका थिए।

सुलावेसी टापूको मोरोवाली औद्योगिक पार्कमा रहेको पिटी इन्डोनेशिया सिङसान स्टेनलेस स्टिल (आइटिएसएस) को स्वामित्वमा रहेको प्लान्टमा भट्टी मरर्म्म गर्ने क्रममा शनिवार बिहान दुर्घटना भएको थियो।

सुलावेसी, खनिजले सम्पन्न मुलुकको निकेल उत्पादन केन्द्र हो। निकेल विद्युतीय सवारीको ब्याट्री र स्टेनलेस स्टिलमा प्रयोग गरिने धातु हो। यस क्षेत्रमा चीनको बढ्दो लगानीले तलब र कामको अवस्थामा अशान्ति निम्त्याएको छ।

एएफपीले प्राप्त गरेको तस्बिरहरूमा सयौं मजदूर परिसरबाहिर विरोध प्रदर्शनमा भाग लिइरहेको देखिएको छ। मजदूर युनियनले प्रहरीलाई पठाएको पत्र अनुसार प्रदर्शनकारीले व्यवस्थापनसमक्ष २३ वटा माग राखेका छन्।

मागमा धातु पगाल्ने संयन्त्र राम्रो अवस्थामा राख्नुपर्ने, आपत्कालीन स्थितिको सामना गर्न स्वास्थ्य क्लिनिक सुधार गर्नुपर्ने र चिनियाँ मजदूरहरूलाई इन्डोनेशियाली भाषा सिक्न लगाउनुपर्ने रहेका छन्।

विस्फोटमा मारिनेमा आफ्नी पत्नी र दुई छोराछोरी छाडेर जाने ४० वर्षीय वेल्डर मुहम्मद तौफिक पनि छन्। तौफिकका काकाका छोरा परलिन हिदायतले भने–"परिवार शोकमा छ, उहाँ कमाउने व्यक्ति हुनुहुन्थ्यो।" हिदायतका अनुसार आइटिएसएसले परिवारलाई छ करोड रुपियाँ (३०,६२५ अमेरिकी डलर) क्षतिपूर्ति दिएको छ।

प्रहरीका अनुसार विस्फोटपछि घाइते भएका ३० जनाको उपचार भइरहेको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले मृतकमध्ये आठ चिनियाँ रहेका जानकारी दिए। उहाँले दुर्घटनाबाट बेइजिङ 'अत्यन्त दुःखी' रहेको बताए।

उनले दैनिक प्रेस ब्रिफिङमा भने–"चीन चिनियाँ लगानीको विदेशी परियोजनाहरूमा सुरक्षित उत्पादनलाई उच्च महत्त्व दिन्छ।" विश्वको सबैभन्दा ठूलो निकेल उत्पादक तथा चीनको सबैभन्दा ठूलो स्टेनलेस स्टिल निर्माता सिङसान होल्डिङ ग्रुपको आइटिएसएसमा ठूलो हिस्सा छ। रासस







वीरगंज महानगरपालिकाले सौन्दर्यीकरण अन्तर्गत विभिन्न वडाको चोक–चौबाटोमा जनावरहरूको प्रतिमा लगाउँदै आएको छ। वीरगंज–१५ प्रतिमाचोकमा सबैभन्दा पहिले अफ्रिका महादेशमा पाइने जिराफको प्रतिमा स्थापित भएको थियो। सोही ठाउँमा नेपालमा पाइने हरिण र वीरगंज–२१ परवानीपुर चोकमा अर्ना भैंसीको प्रतिमा र त्यसपछि विपी उद्यानको फूटपाथमा बाघको प्रतिमा बनाएको छ। यी सबै फाइबरनिर्मित हुन्। यी प्रतिमाहरूमध्ये परवानीपुरमा बनाइएको अर्ना भैंसीको प्रतिमालाई स्थानीयले तोडफोड गरेका थिए। तस्वीरः नितेश कर्ण

## ठगी अभियोगमा प्रमुख प्रशासकीय अधिकृत पक्राउ

प्रस, पर्वत, ११ पुस/रासस

ठगी आरोपमा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुली कार्यालयबाटै पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालयको टोलीले आज दिउँसो पराजुलीलाई कार्यालयबाटै पक्राउ गरेको हो।

प्रमुख प्रशासकीय अधिकृत पराजुली कास्कीको सहकारी रजिस्ट्रारको कार्यालय पोखरामा सेवारत हुँदा सहकारीको रकम ठगी प्रकरणमा मुछिएका थिए। सहकारी रजिस्ट्रार रहेका बेला निजले मित्रमिलन बचत तथा ऋण सहकारीको कार्यक्षेत्र विस्तार गर्ने क्रममा घूस लिएको आरोप थियो।

कास्की प्रहरीको अनुरोधमा पर्वत प्रहरीले निजलाई पक्राउ गरेर कास्की पठाएको जिल्ला प्रहरी कार्यालय, पर्वतका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले राससलाई जानकारी दिए। तत्कालीन रजिस्ट्रार पराजुलीलाई रु एक करोड पाँच लाख घूस लिएको आरोप लागेको छ।

## वीरगंजमा विराट शिवगुरु महोत्सव हुने



प्रस, वीरगंज, ११ पुस/

वीरगंज चिनी मिलस्थित पशुपतिनाथ मन्दिरमा विराट शिवगुरु महोत्सव आयोजनाबारे बैठक भएको छ। माघ १३ गते शनिवारदेखि विराट शिवगुरु महोत्सवको आयोजना हुने भएकोले सोको तयारीको लागि बैठक भएको हो।

शिवशिष्य हरिन्द्रानन्द फाउन्डेशन राँची तथा शिवशिष्य परिवार वीरगंज पर्साको संयुक्त आयोजनामा महोत्सव गर्ने निर्णय गरिएको छ। जनतामा व्यापक प्रचार प्रसार गरी सचेतना अभियान सञ्चालन गर्ने निर्णय भएको शिव शिष्य परिवारका ओमले बताए।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मित्रमिलन | वृष | राज्यलाभ |
| मिथुन | अन्नलाभ | कर्कट | अलमल |
| सिंह | प्रसन्नता | कन्या | पदोन्नति |
| तुला | ईश्वरभक्ति | वृश्चिक | अलमल |
| धनु | नारीसुख | मकर | धनलाभ |
| कुम्भ | सन्तानसुख | मीन | वाहनकष्ट |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### जगदम्बाको........

प्रदर्शन गरेको कुरा सरोकारवालाहरूले बताए।

सो उद्योगको नाममा अहिले ४ अर्ब १४ करोड विद्युत् महसुल बक्यौता रहेको सरोकारवाला कार्यालयले जनाएको छ भने यत्रो महसुल रकम बक्यौता रहेकोमा विगत दिनमैं असुल उपर गर्नुपर्नेमा अहिले एकैपटक बक्यौता देखाएर लाइन काट्नु दुःखदको विषय हो। यसबाट मुलुकलाई करोडौं विद्युत् महसुलसहित राजस्व सङ्कलनमा कमी आएको देखिन्छ भने हजारौं मानिस बेरोजगारी भएर आर्थिक सङ्कटमा परेको पीडितहरूले बताए।

### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसो: ३:४० बजे

### गोर्खाली....

छ।"। किल्लासँग गोर्खालीको गहिरो साइनो रहेको उनको भनाइ छ।

गोर्खाली किल्लामा रहेको शिलालेखमा विभिन्न वंशले राज्य गर्ने क्रममा सैनिकस्थलका रूपमा उपयोग गरेको उल्लेख छ। पिथौरागढमा मल्ल, बम, चन्द, गोर्खाली र अङ्ग्रेजहरूले शासन गरेको पनि उल्लेख छ। अहिले उक्त किल्लाको संरक्षण भारत सरकारले गर्दै आइरहेको छ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# श्रद्धाञ्जलिसभा सम्पन्न

प्रस, वीरगंज, ११ पुस/

नेपाली काङ्ग्रेस, पर्साका स्थानीय नेता स्व रामराजाप्रसाद कुर्मीको १३औं दिनको पुण्यतिथिमा आज श्रद्धाञ्जलिसभा गरिएको छ।

नेका पर्साले आयोजना गरेको श्रद्धाञ्जलिसभामा सभापति एवं प्रदेशसभा सदस्य जनार्दनसिंह क्षत्री, उपसभापति रामनारायण कुर्मी, नेकाका केन्द्रीय सदस्य एवं सांसद अजय चौरसिया, जसपा पर्साका उपसभापति सुरेन्द्रप्रसाद कुर्मी, वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलम, नेका वीरगंज महानगरका अध्यक्ष मृगेन्द्रलाल नेपाली, प्रकाश उपाध्याय, अनिल सिंह, राजेश तिवारी, मनोज यादव, नवीन




सिंहलगायतले श्रद्धाञ्जलि अर्पण गरेका थिए।

उनीहरूले नेका, पर्सामा ठूलो योगदान रहेको कुरा बताएका थिए।

# साना किसान सहकारीको १९ औं साधारणसभा सम्पन्न

नरेश यादव, पर्सागढी, ११ पुस/

साना किसान कृषि सहकारी संस्था लि. वीरगंज–२७ उदयपुरघुर्मीको १९ औं साधारणसभा सम्पन्न भएको छ।

साना किसानको समृद्धि, कृषि रूपान्तरण र उद्यमशीलताको विकास नाराका साथ शुरू भएको आज सम्पन्न १९ औं साधारणसभाको अध्यक्षता संस्थाका अध्यक्ष वीरेन्द्रकुमार कर्णले गरेका थिए।




कार्यक्रमका प्रमुख अतिथि भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्साका प्रमुख राजकुमार साहले संस्थाबाट लिएको ऋण जथाभावी खर्च नगरी लगानी गर्न आग्रह गरे। उनले रकम जम्मा गर्ने बानीले गरीबको जीवनस्तर उकासिने बताए। बालबालिकालाई उच्च शिक्षा दिन पनि रकमको आवश्यकता पर्ने हुनाले ऋणको सदुपयोग गर्नुपर्ने बताए। उनले सहकारी भनेको समुदायको साझा सम्पत्ति भएकोले सबैजना मिलीजुली संस्था चलाउन जोड दिए।

कार्यक्रममा संस्थाका मुख्य प्रबन्धक मनोज यादवले वार्षिक प्रगति प्रतिवेदन पेश गरेका थिए।

कार्यक्रममा जिल्ला सहकारी सङ्घ पर्सा अध्यक्ष शिवकुमार साह, पूर्वसंस्थापक हृदयनारायण कुर्मी, वडाध्यक्ष उमाशङ्कर तिवारी, राम किशोर सिंह, वीरगंज महानगरपालिका कृषि शाखा प्रमुख रोशनी यादव, कृषि प्राविधिक ओमप्रकाश रामलगायतको सहभागिता थियो।

कार्यक्रममा स्वागत लेखा संयोजक समितिका प्रमुख प्रमोदप्रसाद यादवले गरेका थिए भने सहजीकरण लेखा प्रमुख मनोजप्रसाद यादवले गरेका थिए।


## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं,
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्त्तव्य हो,
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानीनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ,
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानीनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्त्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पर्सागढी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

## रोजगार सहायक सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सार्वजनिक सूचना

(अनुसूची–२ दफा–५(१) सँग सम्बन्धित)
(प्रथमपटक प्रकाशित मिति २०८०/०९/१२)

पर्सागढी नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १(एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कार्यालयमा आवेदक स्वयं उपस्थित भई दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारी यस कार्यालयको वेबसाइट www.parsagardhimun.gov.np मा उपलब्ध छ।

तपसिलः–

| क्रस | विज्ञापन न. | पद | तह | माग सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/०८०/०८१ | रोजगार सहायक | स्थानीय सेवाको सहायक स्तर पाँचौ तह सरह | १ (एक) | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः–
   (क) नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण सस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा 10+2 वा सोसरह उत्तीर्ण गरेको,
   (ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
   (ग) आधारभूत कम्प्यूटर सीपसम्बन्धी कम्तीमा ३ महीनाको तालीम लिएको
२. दरखास्त दिने स्थानः–पर्सागढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, हरपुर,पर्सा।
३. दरखास्त दिने अन्तिम मितिः– २०८०/०९/२६ गतेसम्म। सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको समयभित्र।
४. आवेदनको दस्तुरः– रु ५००/– (पाँच सय मात्र)
५. छनोटको किसिमः– प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा,
६. आवेदन साथ संलग्न कागजातहरूः– नोटरी पब्लिकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरूको प्रतिलिपिहरूः–
   (क) नेपाली नागरिकता प्रमाणपत्र (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र
   (ग) चारित्रिक प्रमाण पत्र (घ) कम्प्यूटर तालीमको प्रमाणपत्र
   (ङ) नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रममा वा स्थानीय तहमा काम गरेको अनुभव भए सो समेतको प्रमाण
   (च) तीनप्रति पासपोर्ट साइजको फोटो,
७. सेवा सुविधाः–स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्तिसम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।
८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रमलगायत पदपूर्तिसम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा यस नगरपालिकाको बेवसाइटबाट प्राप्त गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# खेलकूदको संसार

## प्रो क्लब टी–२०: आर्मी र पुलिस विजयी

प्रस, वीरगंज, ११ पुस/

जोहरा इन्टरनेशनलको व्यवस्थापन र क्यान पर्साको आयोजनामा वीरगंजको नारायणी क्रिकेट रङ्गशालामा जारी प्रो क्लब च्याम्पियनसीप टी–२० क्रिकेट प्रतियोगिताको आज दुईवटा खेल सम्पन्न भएको छ।

पहिलो खेलमा सशस्त्रको विभागीय टीमलाई नेपाली सेनाको विभागीय टीमले २६ रनले पराजित गरेको थियो भने दोस्रो खेलमा नोयडालाई नेपाल पुलिस क्लबले ६ विकेटले पराजित गरेको छ।




पहिलो खेलमा टस जिती ब्याटिङ रोजेको नेपाल आर्मीले निर्धारित २० ओभर खेल्दै आठ विकेटको क्षतिमा ११४ रन बनायो। जसमा आर्मीका सन्तोष कार्कीले ३२, कुशल मल्लले २२ रनको योगदान गरेका थिए भने सशस्त्रको तर्फबाट अमर रौतेला ५, हरिशङ्कर साह २, अविनाश बोहराले १ विकेट लिए। ११५ रनको लक्ष्य लिएर जवाफी ब्याटिङ गरेको सशस्त्रका ब्याट्सम्यानबीच पार्टनरसीप जम्न नसक्दा सशस्त्रले लक्ष्य भेट्न सकेन।

सशस्त्रको कुल ८८ रन योगफलमा क्याप्टेन प्रदीप गैरीले २९, लोकेश बमले १६ रनको योगदान गरेका थिए। आर्मी तर्फबाट कुशल मल्ल ५, सोमपाल कामी, अविनाश कर्ण, साहब आलम, वशिर अहमद, विवेक यादवले समान एक–एक विकेट लिएका थिए। सो खेलको उत्कृष्ट खेलाडी नेपाल आर्मीका कुशल मल्ल घोषित भएका थिए।

यसैगरी, नेपाल पुलिस क्लब र नोयडाबीच भएको दोस्रो खेलमा नेपाल पुलिसले टस जितेर बलिङ गर्दा नोयडाले निर्धारित २० ओभर खेल्दै ६ विकेटको क्षतिमा जम्मा ८५ रन मात्र जोडेको थियो। नोयडाका क्याप्टेन हर्षद सेठीले ३५, तरुण विष्टले १५ रनको योगदान दिएका थिए भने पुलिसका ललित राजवंशी, राशिद खानले दुई–दुई विकेट लिए भने शेर मल्ल र सागर ढकालले १–१ विकेट लिएका थिए।

८६ रनको लक्ष्य लिएर जवाफी ब्याटिङ गरेको नेपाल पुलिसले १२.२ ओभर खेल्दै चार विकेटको क्षतिमा ८६ रनको लक्ष्य भेटेका थिए। जसमा शङ्कर राणा ३८, राशिद खानले ३१ रन बनाएका थिए। नोयडातर्फबाट सञ्जीव चतुर्वेदी २, दक्ष कुमार र हर्षद सेठीले एक–एक विकेट लिएका थिए। यो म्याचको म्यान अफ द म्याच २९ रन र दुई विकेट लिएका नेपाल पुलिसका राशिद खान घोषित भएका छन्।

यसैगरी, बिहीवार लिग म्याच अन्तर्गतको पर्सा ११ र सशस्त्र प्रहरीबीच एक खेल मात्र बाँकी छ। प्रतियोगिताको अङ्कतालिका अनुसार लिग म्याचको अङ्कमा कुल ६ वटा सहभागी टीममध्ये एकदेखि चौथो स्थानसम्म टीमहरू सेमिफाइनलमा प्रवेश गर्नेछन् भने पाँचौं र छैठौ स्थान ल्याउने टीम प्रतियोगिताबाट बाहिरिन्छ।

आजको खेलको नतीजा अनुसार अङ्कतालिकामा नेपाल आर्मीले पाँचवटै खेल जितेको छ भने नेपाल पुलिसले पाँचमध्ये चार खेल जितेको छ। त्यसैगरी, नोयडा पाँच खेलमध्ये दुई खेल जित्दै तेस्रो स्थानमा छ भने पर्सा चार खेल खेलेर दुई जीतसँगै चौथो स्थानमा छ। सशस्त्र चार खेल खेलेर एक जीतसँगै पाँचौं स्थानमा छ। युपी–११ पाँच लिग अन्तर्गत एउटा पनि खेल जित्न सकेको छैन।

सेमिफाइनलमा पर्सा प्रवेश गर्ने सम्भावना बढेको छ।

## सिजी कपको फाइनलमा सोलाडिरिटी र लोट्स भिड्ने




प्रस, वीरगंज, ११ पुस/

वीरगंजमा जारी सिजी एजुकेशन कपको शुक्रवार हुने फाइनलमा हेटौंडाको सोलाडिरिटी इन्टरनेशनल र सिमराको लोट्स एकेडेमी भिड्ने भएका छन्।

दिल्ली पब्लिक स्कूल वीरगंजको आयोजनामा पुस ४ गतेदेखि १३ गतेसम्म आयोजना भएको विद्यालयस्तरीय प्रतियोगिताको बुधवार सम्पन्न दुई सेमिफाइनल खेलमा विजयी भएर दुवै टीम फाइनलमा प्रतिस्पर्धाको लागि स्थान पक्का गरेका हुन्।

डिपिएस वीरगंज र सोलाडिरिटीबीच भएको पहिलो सेमिफाइनलमा डिपिएसको शून्यविरुद्ध सोलाडिरिटीले चार गोल अन्तरले डिपिएसलाई पराजित गर्दै फाइनल प्रवेश गरेको थियो भने लोट्स एकेडेमी र सिमरा पब्लिक स्कूलबीच भएको दोस्रो सेमिफाइनलमा शून्यविरुद्ध एक गोलले लोट्स विजयी भएको थियो।

लोट्सका तर्फबाट दिलकुमार विकले सातौं मिनेटमा एक मात्र गोल गरेका थिए भने सो खेलको उत्कृष्ट खेलाडी पनि उनी घोषित भए।

त्यसैगरी पहिलो सेमिफाइनलमा डिपिएसविरुद्ध सोलाडिरिटीका निक्सुङ तामाङले ११औं मिनेट, अविनाश वम्जनले १७औं मिनेट, मिलन काफ्लेले २१औं र दिनेश मोक्तानले ४६औं मिनेटमा चार गोल गरे। सो खेलको उत्कृष्ट खेलाडी सोलाडिरिटीका सुजन खत्री भएका थिए।

## प्रम कप क्रिकेट : एपिएफ विजयी

काठमाडौं, ११ पुस/रासस

प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपिएफ क्लबले कर्णाली प्रदेशलाई ९२ रनले पराजित गर्दै विजयी भएको छ।

जितका लागि १६१ रनको विजयी लक्ष्य पछ्याएको कर्णाली प्रदेश निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ६८ रनमा समेटियो। कर्णालीका लागि त्रिर्सना विश्वकर्माले सर्वाधिक १९ रन बनाइन्। उनले १९ बल खेल्दै तीन चौकाको मदतमा १९ रन जोडेकी हुन्।

त्यस्तै गौरी बोहोराले १२ तथा रश्मी खड्काले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। कप्तान किरण कुँवरले १ रन बनाइन् भने विना थापाले २ तथा अन्जु गुरुङले ६ रन बनाए।

कर्णालीलाई सस्तैमा समेट्ने क्रममा एपिएफकी करुणा भण्डारीले चार विकेट लिइन् भने सुमन विष्टले दुई विकेट झारिन्। त्यसैगरी बिनु बुढा र सीता रानामगरले समान एक/एक विकेट लिए।

यस अघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको एपिएफले निर्धारित २० ओभरमा २ विकेट गुमाउँदै १६० रनको योगफल बनाएको थियो।

एपिएफका लागि राजमती ऐरीले सर्वाधिक ६७ रनको योगदान दिइन्। उनले ५५ बल खेल्दै नौ चौका र दुई छक्काको मदतमा ६७ रन बनाएकी हुन्। ममता चौधरीले ६२ रन बनाइन्। उनले पनि समान ५५ बल खेल्दै आठ चौकाको मदतमा ६२ रन बनाएकी हुन्। रोमा थापाले अविजित १४ रन बनाइन्। बलिङतर्फ कर्णाली प्रदेशकी त्रिर्सना विश्वकर्माले एक विकेट झारेकी थिइन्।